जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक ११, २०७८ साल भाद्र १८ गते शुक्रबार, नेपाल संवत् ११४१ (Sept. 3, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## होटलको खर्बौं लगानी जोखिममा

काठमाडौं । कोभिड महामारीका कारण लकडाउन तथा पर्यटकहरूको आगमनमा अवरोध भएपछि नेपालमा सञ्चालित होटेलहरूमध्ये करिब १७ प्रतिशत होटेल पूर्ण रूपमा बन्द भएका छन् ।

नेपाल उद्योग परिसंघले बुधबार पर्यटन क्षेत्रसँग सम्बन्धित संघ-संस्थाका प्रतिनिधिसँग गरेको छलफलमा होटेल संघ नेपाल (हान) का प्रथम उपाध्यक्ष विनायक शाहले कोभिडका कारण धेरै होटेल व्यवसायीहरू पलायन हुने अवस्थामा पुगेको बताएका हुन् । कोभिडले पर्यटन क्षेत्र बाँकी ८ पेजमा

## भारतमा चर्कियो किसान आन्दोलन

काठमाडौं । भारतमा फेरि किसानहरूले आन्दोलन चर्काएका छन् । पञ्जाब राज्यमा भएको आन्दोलनले रेलसेवा ठप्प भएको बताइएको छ । उखुको मूल्य बढाउन र बक्यौता तिर्नुपर्ने मुद्दालाई लिएर किसान आन्दोलित भएको नवभारत टाइम्सले जनाएको छ ।

सरकारलाई दबाब दिन किसानहरूले शुक्रबार जालन्धरमा अनिश्चितकालीन प्रदर्शन सुरु गरेका छन् । यसले लुधियाना-अमृतसर र लुधियाना-जम्मु रेलमार्गमा अवरोध सिर्जना भएको छ । रेल रद्द भएसँगै यात्रुहरूलाई समस्या भएको बताइएको छ । उत्तर रेल्वेअनुसार आन्दोलनका कारण ८३ रेल प्रभावित भएका छन् ।

# सीमामा एसएसबीका अनगिन्ती ज्यादती

**सीमा सुरक्षा**





काठमाडौं । भारतीय सीमा सुरक्षा बल एसएसबीले तुइन खुस्काएका कारण महाकालीको उर्लंदो भेलमा बेपत्ता भएका दार्चुलाको व्यास गाउँपालिका २ मालकाका ३३ वर्षीय युवा जयसिंह धामीको अनुसन्धान गर्न गठित सरकारछानबिन समितिले आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ । गृहमन्त्रालयका सहसचिव जनार्दन गौतमको संयोजकत्वमा छानबिन समितिले एक महिना लगाएर तयार पारेको प्रतिवेदन सरकारले सार्वजनिक गरेको छैन । तर गृहमन्त्रालय स्रोतका अनुसार प्रतिवेदनले एसएसबीका सुरक्षाकर्मीले तुइनको लठ्ठा खुस्काइदिएपछि धामी महाकालीमा खसेको पुष्टि गरेको छ । अब दोषीलाई कारबाहीको दायरामा ल्याउने र पीडित परिवारलाई न्याय दिलाउने काम सरकारसामु आएको छ । यो मानवता विरोधी जघन्य अपराधविरुद्ध बोल्न सरकारले खुट्टा कमाउन नहुने आम नागरिकको धारणा रहेको छ ।

समितिले दार्चुलामा नेपाल-भारत दुवैतर्फबाट तुइन राखिएको ठाउँको स्थलगत निरीक्षण गरेको थियो । त्यस्तै जिल्लास्थित राजनीतिक दल, जनप्रतिनिधि, पत्रकार, मानव अधिकारकर्मी, स्थानीयबासी र घटनाका प्रत्यक्षदर्शी तथा सुरक्षा निकायसँग छलफल एवं सूचना संकलन गरी प्रतिवेदन तयार गरेको हो । साउन १५ गते वैदेशिक रोजगारीको सिलसिलामा राजधानी काठमाडौं हिँडेका धामीको महाकाली तर्दातर्दै भारतीय सुरक्षाकर्मीले तुइन फुस्काइदिएपछि उनी महाकाली नदीमा खसी बेपत्ता भएका थिए । उनको खोजी गर्न समेत भारतले सहयोग गरेन । ड्रोन उडाएर खोजी कार्य गर्न नेपालले मागेको सहयोगको भारतीय पक्षले वास्ता गरेन । भारत भूमिमा ड्रोन उडाउन भारतको अनुमति चाहिन्थ्यो तर भारतले अनुमति दिएन । जयसिंहका परिवारले उनी जीवित नरहेको निष्कर्ष निकाली कुशको शव बनाएर उनको अन्तिम संस्कार गरे । परिवारको लालनपोषणको जिम्मेवारी सम्हाल्दै खाडीको ५० डिग्री सेल्सियस तापक्रममा पिल्सिन घरबाट निस्किएका धामीलाई भारतीय भूमि टेक्नसमेत भारतीय सुरक्षाकर्मीले दिएनन् । धामीका सुन्दर पारिवारिक जीवनका रंगीन सपनाहरू महाकालीको धमिलो छालमा विलिन भए ।

सीमा क्षेत्रमा हुने समस्याको विषयमा भारतसँग छलफल गर्न गृहमन्त्रालय मातहत दुइवटा संयन्त्र छन् । तर भारतीय ज्यादती बढ्दै गइरहँदा दुवै संयन्त्र भने वर्षौंदेखि निष्क्रिय छन् । तीन वर्षदेखि दुई देशका संयन्त्रको बैठकसमेत बस्न सकेको छैन । सीमापार सुरक्षा लगायतका विषयमा नियमित छलफल गर्न गृहसचिव स्तरीय संयन्त्र छ । त्यस्तै दुवै देशका गृहमा सहसचिव स्तरको अर्को संयन्त्र पनि छ । तर दुवै संयन्त्रको बैठक बस्न नसकेको गृहमन्त्रालय स्रोतले बतायो ।

तीन वर्ष अघिसम्म सचिवस्तरीय संयन्त्रको बैठक प्रत्येक वर्ष बस्ने गरेको थियो । सचिवस्तरीय बैठकमा भारतले चासो दिएको छैन । कोरोनाकालमा भर्चुअल रुपमा भए पनि बैठक बस्नुपर्छ भन्ने गृहमन्त्रालयको जोडलाई भारतले वास्ता गरेको छैन ।

पछिल्लो पटक सचिव स्तरीय संयन्त्रको बैठक काठमाडौंमा भएको थियो । उच्च सुरक्षा अधिकारीहरू समेत सहभागी रहने यस्तो बैठकमा सिमानाका समस्याबारे विस्तृत छलफल गरी समाधानका लागि पहल हुने गरेको थियो । त्यस्तै नापी विभागका महानिर्देशकको नेतृत्वमा रहने बाउन्ड्री वर्किङग्रुप र विभागका उपमहानिर्देशकको नेतृत्वमा हुने बोर्डर वर्किङ ग्रुपको बैठक पनि करिब दुई वर्षदेखि बस्न सकेको छैन । ती संयन्त्रले खासगरी सीमा विवाद र पिलर मर्मतसम्बन्धी काम गर्दै आएको छ । संयन्त्रका नियमित बैठकहरू यदि बस्ने गरेको भए सायद दार्चुलाको यस्तो अमानवीय घटना घट्ने थिएन, गृहका एक पूर्व बाँकी ८ पेजमा

## उपभोग्य वस्तुको मूल्य आकासियो

काठमाडौं । उपभोग्य वस्तुको मूल्य आकासिएको छ । कोरोना महामारी सुरु भएयता बजारमा दैनिक प्रयोग हुने खाद्यान्न लगायतका मूल्य आकासिएको हो । चिनी व्यवसायीले पछिल्लो समयमा १५ देखि २० रुपैयाँसम्म मूल्य बढाएका छन् । अहिले चिनी, तेल, चामल, दाल मात्र नभएर अन्य उपभोग्य वस्तुको मूल्य नियन्त्रण बाहिर गएको छ । बजार अनुगमनकै लागि वाणिज्य आपूर्ति तथा उपभोक्ता विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुणस्तर विभाग, औषधि व्यवस्था विभाग, जिल्ला प्रशासन कार्यालय तथा स्थानीय निकायलाई बजारको अनुगमनको जिम्मा दिए पनि अनुगमन प्रभावकारी हुन सकेको छैन ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले चाडपर्वलाई लक्ष्यित गरी दशैं अगाडि बजार अनुगमनलाई प्राथमिकतामा राखेको बताएको छ । सीमित व्यवसायी र राजस्व संकलनतर्फ विभागले ध्यान नदिँदा प्रभावकारी रुपमा बजार अनुगमन हुन बाँकी ८ पेजमा

## सत्ता राजनीतिमा फेरि एमसीसीको झट्का



काठमाडौं । शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि अमेरिकाले फेरि मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता संसदबाट अनुमोदन गराउन दबाब दिन सुरु गरेको छ । यसकै लागि एमसीसीकी उपाध्यक्ष फतेमा सुमार सहायक उपाध्यक्ष जोनाथन ब्रुक्स आगामी साता ५ दिवसीय भ्रमणमा काठमाडौं आउँदैछन् । उनीहरूले प्रधानमन्त्री शेरबहादुर देउवा, विपक्षी दलका नेता तथा पूर्वप्रधानमन्त्री केपी ओली, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, नेकपा (एस) का अध्यक्ष माधवकुमार नेपाल, जसपाका अध्यक्ष उपेन्द्र यादवसँग भेटवार्ता गर्ने तय भएको अमेरिकी दुतावासले जनाएको छ । सुमार र ब्रुक्सले एमसीसी सम्झौताप्रति नेपालमा देखिएको अन्यौल र राजनीतिक खिचातानीको अध्ययन गर्ने र यसबारे धारणा राख्ने बताइएको छ । सारमा उनीहरू एमसीसी अविलम्ब संसदबाट पारित गराउन दबाब दिने र यसो नगरिए अमेरिकी सहयोग रोक्ने चेतावनीका साथ नेपाल आउने भएका हुन् ।

साढे चार वर्षपहिले शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला नेपालले मिलेनियम च्यालेन्ज कर्पोरेसन एमसीसीको ५० करोड अमेरिकी डलर लिने सम्झौता गरेको थियो । सम्झौतामा सो सहयोगलाई संसदबाट पारित गर्नुपर्ने प्रावधान भने छैन । तर हस्ताक्षर गर्दा नेपाल सरकारले संसदबाट पारित गर्ने प्रतिबद्धता जनाएको थियो । संसदले पारित गरेपछि मात्र नेपालले उक्त सहयोग प्राप्त गर्नेछ । एमसीसी सम्झौतामा नेपालभित्र डबल सर्किट ४ सय किलो भोल्टको ३ सय किलोमिटर प्रसारण लाइन निर्माण गरिने उल्लेख छ । परियोजना बाँकी ८ पेजमा

## कालीगण्डकी दोहन रोकिएन

काठमाडौं । सर्वोच्च अदालतले ‘कालीगण्डकी नदीको कुनै पनि स्रोत ननिकाल्नू भनेर उत्प्रेषणको आदेश जारी गर्दा पनि कालीगण्डकीमा नदीजन्य पदार्थको चोरीनिकासी अदालतको आदेशले कत्ति पनि रोकिएको छैन । यतिसम्म कि स्थानीय तहले असार, साउन र भदौ महिनाभर नदीजन्य पदार्थ निकाल्ने र निकासीमा रोक लगाउन गरेको निर्णयसमेत व्यवसायीले मानेका छैनन् । नदी दोहन रोक्न दैनिक प्रहरी खटाए पनि टि्रपर तथा एक्स्काभेटर र ट्याक्टरमा गिटी, बालुवा निकाल्ने क्रम रोकिएको छैन । जलजला र बिहादी गाउँपालिका तथा कुश्मा र फलेबास नगरपालिका हुँदै बग्ने कालीगण्डकीको दोहन हरेक पालिकाबाट भइरहेको छ ।

प्रहरीले असार १६ देखि साउन १९ सम्म गरेको कारबाही र संकलन गरेको राजस्वको बाँकी ८ पेजमा

## ५० अर्बको चामल आयात

काठमाडौं । एक वर्षमा ५० अर्ब ४ करोड रुपैयाँको चामल आयात भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार गत आर्थिक वर्षमा भित्रिएको चामल अघिल्लो वर्षको तुलनामा ५१ प्रतिशतले बढी हो । प्रत्येक वर्ष चामल आयात गर्ने क्रम बढ्दो अवस्थामा रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ मा ३२ अर्ब २१ करोड रुपैयाँको चामल आयात भएकोमा आर्थिक वर्ष २०७६।७७ मा ३३ अर्ब ३५ करोडको चामल आयात भएको तथ्यांकले देखाएको छ । रकमका आधारमा कृषिप्रधान देश नेपालमा सबैभन्दा बढी आयात हुने वस्तुमध्ये चामल छैटौं स्थानमा रहेको छ ।

पेट्रोलियम पदार्थ आयातका लागि नेपालले सबैभन्दा धेरै रकम खर्च गरेको पनि तथ्यांकले देखाएको छ । गत आर्थिक वर्षमा १ खर्ब ७५ अर्ब रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको थियो । कुल आयात हुने वस्तुहरूमध्ये पेट्रोलियम पदार्थको हिस्सा ११ दशमलव ४ प्रतिशत रहेको छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत वर्ष ७ दशमलव २ प्रतिशत बढी रकमको पेट्रोलियम पदार्थ आयात भएको हो । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढ्दा आयात बढी देखिने गर्छ । धेरै आयात हुने वस्तुको सूचीमा सवारी साधन, तिनका पाटपुर्जा तथा टायर रहेका छन् । यो शीर्षकमा गत आर्थिक वर्ष १ खर्ब २३ अर्ब रुपैयाँ बाहिरिएको छ । बाँकी ८ पेजमा

## फोहोरले भरिए सडक



काठमाडौं । मुलुकको राजधानी शहर काठमाडौं यतिबेला इतिहासमै सबै भन्दा बढी दुर्गन्धित बनेको छ । राजधानीबासीका हरेकका घर अगाडी फोहोरको थुप्रो देखिन्छ । लगातार पानी परिरहेका कारण दुर्गन्ध टाढा टाढासम्म फैलिएको छैन । दुई तीन दिन बासुविदो पर्ने हो भने हैजाका बिरामीले राजधानी काठमाडौंका सबै अस्पताल भरिने चिकित्सकहरूले बताउन थालेका छन् । फोहोर संकलन नगरिएको एक साता बितेको छ ।

सबैभन्दा ठूलो समस्या अस्पतालका फोहोर विसर्जनमा देखिएको छ । अस्पतालको फोहोर २४ घण्टा भित्र विसर्जन नगर्ने हो भने त्यसले सुरुवा रोग निम्त्याउने चिकित्सकहरूको भनाई छ । अझै दुई साता फोहोर संकलन गर्न नसकिने भन्दै काठमाडौं महानगरपालिकाका बाँकी ८ पेजमा

## नेपाल एयरलाइन्स जस्ता संस्थानहरू किन सधैं घाटामा ?

**समय सन्दर्भ**

पूर्ण ओली (पूर्वमहासेनानी)



पंचायती व्यवस्थामा एकचोटि एउटा किताबको विमोचनको कार्यक्रममा तत्कालिन पर्यटनमन्त्री रमेशनाथ पाण्डे प्रमुख अतिथिको रुपमा आउनुभएको थियो । भव्य रुपमा गरिएको कार्यक्रममा प्रसस्तै मानिसहरू आमन्त्रण गरिएको र खानपिनको व्यवस्था पनि भव्य स्तरको थियो । उक्त कार्यक्रमका आयोजकलाई मैले सोधेको थिएँ । यति धेरै पैसा खर्च गरेर यस्ता साहित्यसम्बन्धी कार्यक्रम गर्नुभन्दा साधारण किसिमले गर्दा हुने थियो नि भनेर । यत्रो खर्च मैले कहाँ गर्नु ? सबै आरएनएसीले गरिहाल्छ नि भन्नुभएको थियो । किनकि त्यहाँ प्रमुख अतिथि भएर पर्यटन मन्त्री आउनुभएको थियो ।

पर्यटन मन्त्री गएका कार्यक्रमको खर्च त्यतिखेर आरएनएसी अर्थात अहिलेको नेपाल एयरलाइन्ससले




गर्थ्यो । मन्त्रीको उपस्थितिमा गरिएका कार्यक्रमसम्बन्धी त विभागहरूले बेहोर्ने गर्थे । सरकारमा बस्नेहरूले नेपाल एयरलाइन्ससको यसरी पनि दोहन गर्ने गर्थे ।

अर्कोतर्फ यसका व्यवस्थापक पनि आरएनएसीको फाइदामा भन्दा आफ्ना निजी फाइदामा जोड दिन्थे । अहिले त्योभन्दा बढी भद्रगोल भइरहेको छ । यसमा कार्यरत कर्मचारीले पाउने सुविधा अत्यन्त खर्चिलो छ । कार्यरत कर्मचारी र उसका पूरा परिवारलाई निःशुल्क हवाई टिकट वर्षको ७ ओटासम्म पाउने व्यवस्था छ । मरणोपरान्त पनि उसका परिवारले धेरै वर्षसम्म यसको उपयोग गर्न पाउँछन् । यसको सबभन्दा नराम्रो पक्ष मार्केटिङ हो । आरएनएसीको टिकट बुकिङ गर्न गयो भने टिकट छैन भनिन्थ्यो । विभिन्न सोर्सफोर्स लगाएर टिकट मिलाएर गयो भने जहाजमा पुग्दा आधा सिट पूरा खालि हुन्थ्यो । कहिलेकाहिँ टिकट लिएर एयरपोर्ट पुग्दा जहाज क्यान्सिल भइसकेको हुन्थ्यो ।

आजभोलि इलेक्ट्रो टिकेटिङको समयमा नेपाल एयरलाइन्ससको हबिगत अत्यन्त पुरानो किसिमको छ । नेपालमा अहिले निजी जहाजहरू प्रसस्त नाफामा चलिरहेका छन् । नेपाल एयरलाइन्ससका जहाज उड्न सकिरहेका छैनन् । भएका ठूला बोइङ पनि बहुदलीय व्यवस्था आउनासाथ नेपाली कांग्रेसको गिरिजा सरकारले सस्तोमा बेचेर करोडौं कमिसन प्राप्त गरेको सर्वविदितै छ । राम्रोसँग उडिरहेका जहाज बेच्ने प्रमुख कारण नयाँ जहाज खरिद गर्न र खरिद गर्दा प्राप्त हुने कमिसनको लागि थियो । जसको प्रमुख उदाहरण लाउडा, धमिज तथा चेज एयर काण्डका भ्रष्टाचारबाट थाहा हुन्छ । पछिल्लो अवस्थामा वाइडबडी र न्यारो बडी खरिद भएको अरबौं कमिसनको मुद्दा अख्तियारमा पेन्डिङमा राखिएको छ । बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**

**सम्पादन सहयोगी**
**गोविन्द विक**

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्भना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### फोहोर व्यवस्थापनमा फोहोरी खेल

प्रधानमन्त्रीमा शेरबहादुर देउवाको आगमनलाई काठमाडौं महानगरले बाटोघाटो, खुल्ला ठाउँ, चोक, डबलीहरूमा फोहोरका डंगुर थुपारेर गाईजात्रे शैलीमा स्वागत गरेपछि प्रधानमन्त्रीको यस विषयमा गम्भीर ध्यानाकर्षण भएको छ । प्रधानमन्त्री देउवाले महानगरका मेयर उपमेयरलाई आफ्नो कार्यकक्षमा डाकेर तत्काल फोहोर व्यवस्थापन गर्ने निर्देशन दिँदै आवश्यक सहयोग सरकारले गर्ने आश्वासन दिएपछि मात्र फोहोर उठाउने उपायको खोजी गर्न थालिएको छ । जनताले कर तिरेनन् भनेर पञ्चैबाजा बजाउँदै जनताको घरअगाडि गएर तमासा देखाउन सक्ने महानगरले चौतर्फी फोहोरको डंगुर थुप्रिंदा भने देखेको नदेखेझैँ गरेको छ । महानगरले फोहोर देखेन भनेर विरोध प्रदर्शन गर्नेहरूले महानगरको गेटैमा फोहोर फालिदिंदा समेत निरीह र रमिते बनेको महानगर प्रधानमन्त्रीको ठाडो निर्देशनपछि भने केही सल्बलाउन थालेको छ । जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको फोहोर व्यवस्थापनको काम समेत गर्न नसक्ने तर करोडौं तलब भत्ता खाने महानगरका जनप्रतिनिधिहरू र कर्मचारीहरू कारबाहीको भागिदार छन् तर कारबाही गर्ने कसले ?

मुलुकको राजधानी सहर विश्वका पर्यटकहरू घुम्न आउँदा पहिलो पाइला पर्ने ठाउँ हो । तर मेयर विद्यासुन्दर शाक्यले सबैभन्दा प्रदूषित र दुर्गन्धित सहरको पहिचान काठमाडौंलाई बनाइदिए । वर्षायामको समयमा बाटोमा थुप्रिएको फोहोर पानीले बगाएर ढलमा हालिदिनाले ढल थुनिएर जाम हुनुको साथै खोलानाला थप प्रदूषित बन्न पुगेका छन् । त्यसै पनि कोरोना महामारीले आक्रान्त बनेका जनता फोहोरका कारण हैजा, टाइफाइड, जण्डिसजस्ता महामारी फैलन सक्ने त्रासमा छन् । ऐतिहासिक सहरका रूपमा रहेको काठमाडौं उपत्यका एकपल्ट भ्रमण गर्ने इच्छा स्वदेशी तथा विदेशीहरूलाई हुने गर्छ तर यहाँको फोहोर आतंकका तस्बिरहरू सामाजिक सञ्जालहरूमा छताछुल्ल भएपछि उपत्यका भ्रमणका कार्यक्रम उनीहरूले रद्द गर्छन् । तत्काल बिसर्जन गर्नुपर्ने अस्पतालजस्ता संवेदनशील ठाउँहरूबाट निस्कने फोहोर समेत विसर्जन हुन नसक्दा सरूवा रोग फैलन सक्ने थप खतरा उत्पन्न भएको छ ।

काठमाडौं महानगरपालिकाले फोहोर उठाउने सम्बन्धमा विभिन्न खालका बहानाबाजी गर्दै आएको छ । नुवाकोटको सिसडोलमा रहेको ल्यान्डफिल साइड भरिएर पटक पटक समस्या सिर्जना हुँदा पनि दीर्घकालीन समाधानका उपाय खोजी गर्न महानगरको ध्यानाकर्षण हुन सकेको छैन । सिसडोल ल्यान्डफिल्ड साइड प्रभावित स्थानीय बासिन्दाहरूसँग महानगरपालिकाले गरेका सम्झौताको उचित कार्यान्वयन नहुनु र फोहोर लैजाने बाटोको मर्मत सम्भार नहुनुले गर्दा पनि पटक पटक फोहोर विसर्जनमा अवरोध आउने गरेको छ । फोहोर विसर्जन गर्ने अर्को ल्यान्डफिल्ड साइट बञ्चरो डाँडाको चर्चा चलेको पनि धेरै भइसक्यो । बञ्चरे डाँडाको व्यवस्थापन जतिसक्दो चाँडो गरेर काठमाडौं उपत्यकालाई फोहोरको डंगुरबाट दीर्घकालीन रूपमै मुक्ति दिनुपर्छ । समस्या नआएसम्म कानमा तेल हालेर बस्ने र समस्याले निकै नै गाँजेपछि मात्र सलबलाउन थाल्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । समयको यत्रो परिवर्तन भइसक्दा पनि स्थानीय तहका जनप्रतिनिधिहरूको मानसिकतामा परिवर्तन आउन सकेको छैन । फोहोर व्यवस्थापनजस्तो आधारभूत काम गर्न नसक्ने जनप्रतिनिधिहरूबाट जनताले मनोरेल कुदाउने गफलाई कसरी पत्याउने ? त्यसैले पहिला काम गरेर देखाउ अनिमात्र कर असुलीको बाजा बजाउन सुहाउँछ ।

# सुपर पावरको ताज अझै दिगो होला र ?



**सुरेन्द्र ढकाल**

सन १९४५ को अगष्ट ६ र ९ तारिखका दिन जापानको हिरोसिमा र नागासाकीमा परमाणु बम खसाली एलाइड पावर (बेलायत, फ्रान्स) लाई दोस्रो विश्वयुद्धमा जित हासिल गराउन सफल भएपछि एकाएक अमेरिका सुपर पावरको रुपमा विश्व राजनीतिमा उदाएको थियो ।

दुई बम खसाल्दा ४५५ हजार जापानी नागरिकको एकै पटक आमहत्या अमेरिकाले गरेको थियो । एक्सिस पावरको मुख्य सदस्य जर्मनीलाई हराई टुक्रा गराउन सोभियत संघसँग सहकार्य गरेको भए तापनि अमेरिकाले समाजवादी मुलुकलाई स्थायी शत्रु ठानेकै कारण दोस्रो विश्वयुद्धको अन्त्यसँगै शीत युद्ध शुरु भएको थियो । यो शीत युद्ध शीत युद्धमै सीमित रहेन । कोरियाको समाजवाद अन्त्य गर्न अमेरिकाले सन १९५० मा उत्तर कोरियासँग युद्ध शुरु गर्‍यो । सो युद्ध ३ वर्षसम्म कायम रह्यो । युद्ध जित्न नसकेपछि अमेरिकाले गरेको युद्धविराम अहिलेसम्म पनि कायम छ । त्यसै क्रममा अमेरिकी पक्षधर राष्ट्रहरूले अहिले पनि उत्तर कोरियामाथि आर्थिक नाकाबन्दी लगाइनै रहेका छन् ।

शीत युद्ध कालमै अमेरिकाले भियतनामबाट समाजवाद उन्मूलन गर्न १९५५ मा युद्धको शुरुवात गर्‍यो । सो युद्ध २० वर्षसम्म कायम रह्यो र अमेरिकाले हार स्वीकार्दै सन १९७५ मा भियतनाम युद्धबाट पछि हट्यो । कोरिया र भियतनाम युद्ध अमेरिकाले जित्न नसक्नुको मुख्य कारण भनेकै उक्त दुबै युद्धमा समाजवादी चीनको सक्रिय सहयोग रहेको थियो । वास्तवमा उक्त दुबै युद्धमा अमेरिका चीनसँग हारेको थियो ।

**एक्सिस पावरको मुख्य सदस्य जर्मनीलाई हराई टुक्रा गराउन सोभियत संघसँग सहकार्य गरेको भए तापनि अमेरिकाले समाजवादी मुलुकलाई स्थायी शत्रु ठानेकै कारण दोस्रो विश्वयुद्धको अन्त्यसँगै शीत युद्ध शुरू भएको थियो ।**

चीनबाट तिब्बतलाई अलग गर्ने मनसुवासहित अमेरिकाले नेपालमा रहेका तिब्बती शरणार्थीहरूलाई अत्याधुनिक हतियार दिई सन १९५९ बाटै संगठित गर्दै आएको थियो र सन १९७१ मा आइपुग्दा यी तिब्बती खम्पा विद्रोहीहरूले नेपालको मुस्ताङलाई आफ्नो आधार इलाका बनाउन सफल भइसकेका थिए । यिनीहरूको क्रियाकलापबारे चीनले नेपाललाई अवगत गराएपछि राजा वीरेन्द्रले सन १९७४ मा यिनीहरूको दमन गरेका थिए । यो नेपालमा भएको युद्धमा अमेरिकाको अर्को हार थियो ।

अर्कोतर्फ शीत युद्धकालमै सोभियत संघ पनि आफ्नो प्रभाव क्षेत्र विस्तार गर्न लागिपरेको थियो । सन १९७१ मा यसले भारतसँग सैनिक सम्झौता गरी दक्षिण एसियामा आफ्नो प्रभाव जमाउन शुरु गर्‍यो । यही सन्धिको बलमा भारतले पाकिस्तानलाई टुक्र्याई बंगलादेश बनाउन र स्वतन्त्र सिक्किमलाई आफूमा गाभ्न सफल भएको थियो भने २४ डिसेम्वर १९७९ मा सोभियत सैनिकले अफगानिस्तान कब्जा गरेको थियो । समाजवादी मुलुकलाई सिधै टक्कर दिन अमेरिका असफल भएपछि यसले संसारमा भएका विभिन्न आतंकवादी संगठनहरूलाई समाजवाद विरुद्ध परिचालन गर्न थाल्यो । फलस्वरुप अफगानिस्तानमा आफ्नो सैन्य उपस्थिति सोभियत संघको लागि कालान्तरमा महँगो सावित हुँदा सन १९९० तिर आइपुग्दा सोभियत समाजवाद मात्रै नभई सम्पूर्ण पूर्वी युरोपेली समाजवाद ग्वार्लामगुर्लुम भयो ।

अमेरिकाले समाजवाद विरुद्ध उचालेको आतंककारी संगठनहरू कालान्तरमा अमेरिकाकै शत्रु बन्न पुगे । यस्तै एक समूह आलकायदाले सन २००१ को सप्टेम्वर ११ का दिन अमेरिकाको टुइनटावर र रक्षा मन्त्रालय पेन्टागनमा सफल आक्रमण गरेपछि अमेरिका आतंकवादलाई निर्मूल गर्न भन्दै आफनो स्रोत र शक्ति खर्च गर्न थाल्यो । यस क्रममा इराकबाट सद्दाम र लिवियाबाट गद्दाफीको शासन अन्त्य गर्न अमेरिकालाई सफलता हासिल भए तापनि त्यो दिगो हुन सकेन । अफगानीस्तानका तालिवान विरुद्ध अमेरिकाले १४ खरबभन्दा बढी खर्च गर्‍यो । तालिवानको शासनलाई अपदस्थ गर्‍यो, तालिवानीहरूले अमेरिकासमक्ष घुँडा टेकेनन् ।

अमेरिकी अर्थव्यवस्थाले तालिवानसँगको निरन्तर युद्ध थेग्न नसकेपछि अमेरिका अन्ततः अफगानिस्तानबाट सुइँकुच्चा ठोक्यो । कोरिया, भियतनाम, खम्पा युद्धपछिको अफगान युद्ध अमेरिकाको चौथौ हार हो । यी सबै हारको पछाडि चीनको प्रत्यक्ष र अप्रत्यक्ष सहयोग रहेको अवस्थामा अब अमेरिकाको महाशक्तिको ताज धेरै नटिक्ने स्वतः सिद्ध छ ।

हिन्द प्रशान्त रणनीति भन्दै जापान, भारत र अष्ट्रेलियालाई चीनविरुद्ध परिचालन गरी क्वाड बनाउन अमेरिका सफल रहे तापनि चीन विखण्डन गर्ने अमेरिकी योजना सफल हुन प्रायः असम्भव छ । यसमा अमेरिकाको प्रयास भनेको अब जि७ राष्ट्रहरू जर्मनी, जापान, बेलायत, फान्स, क्यानडा र इटलीलाइ चीनविरुद्ध उचाल्नु हो । यसमा पनि असफलता हासिल भयो भने अफगानिस्तानबाट सुइँकुच्चा ठोक्न परेको अमेरिका छिट्टै दक्षिण चीन सागर र प्रशान्त महासागरबाट पनि आफ्नो सैनिक फिर्ता गर्न बाध्य हुनेछ । अमेरिका निरन्तर हार व्यहोर्दै छ । सुपर पावरको ताज अझै दिगो होला र ?

# व्यवस्था परिवर्तन भए पनि समृद्धि ओझेलमा



**गोविन्द विक**

नेपालले समृद्धिको आधार बसाउन नसक्नुको एउटा कारण असफल पात्रहरूको पकटमा बारम्बार देशको नेतृत्व रहनु हो । अहिलेसम्म सरकारको नेतृत्व गर्नेहरूले दूरदर्शी भएर मुलुक र जनताको हितमा काम गर्न प्रयत्नसम्म पनि गरेको देखिन्न ।

आमुल परिवर्तनका लागि जनताले नेतृत्वमाथि जुन भरोसा गरेका थिए, त्यो मार्गमा आजका दलहरू तथा दलका नेताहरू हिँडेका छैनन् । त्यही भएर व्यवस्था अग्रगामी भए पनि पात्रहरू पश्वगामी नै भएपछि जनअपेक्षा तुइने रहेछ ।

२०४६ सालदेखि २०७८ सालसम्मको अवधिलाई हेर्दा ३२ वर्षको हुन्छ । यो ३२ वर्षमा २७ वटा सरकार बने जसको नेतृत्व १३ जना व्यक्तिको पोल्टामा मात्र कैद भयो । दोहोऱ्याई तेहेऱ्याई सरकारको नेतृत्वमा वचर्श्व कायम गर्ने व्यक्ति पनि यी १३ जनाभित्रै छन् ।

३२ वर्षको बीचमा परिवर्तन नभएको पनि होइन । देशमा आमूल परिवर्तन गर्ने सर्वहारा वर्गलाई राज्यको पहुँचमा ल्याउने र देश विकासको कायपलट गरेर जनताले चाहेको शासन व्यवस्था सञ्चालन गर्ने भन्दै करिब १० वर्ष त लडाइँ नै चल्यो । त्यही लडाइँको आधार लिएर ६२/६३ को जनआन्दोलनले व्यवस्था परिवर्तनको मोड लियो । संविधान सभाले मुलुकमा नयाँ संविधान दियो । त्यही संविधानअनुसार मुलुक अहिले संघीय शासनको अभ्यासमा छ । यसबाट के बुझ्न सकिन्छ भने पात्रको व्यवहार र कार्यशैलीमा परिवर्तन हुन नसक्दा व्यवस्था जति नै जनमुखी भएपनि आम सर्वहाराले परिवर्तनको महसुस गर्न सक्दैनन ।

**सरकारमा आएर अघिल्लो सरकारले गरेका सबै काम भत्काउनमै समय जान्छ । दलहरूले जति नै लोकतन्त्रको गीत गाए पनि उनीहरूभित्रै अलोकतान्त्रिक अभ्यासको हावी भइरहेको छ । जनअपेक्षा अनुसारका कामको आधारसमेत बस्न सकेको छैन ।**

नेपाली राजनीतिमा असफलहरूको जमात नै पटकपटक नेतृत्वमा पुग्ने परिपाटी तीव्र भएको कसैबाट पनि छिपेको छैन । करिब २३० वर्ष वंशजका आधारमा शासनको केन्द्र विन्दुमा रहेको राजसंस्था नै सर्वहारा निमुखा हुँदा खाने जनताको परिवर्तनको बाधक भनिएको थियो । बंशजका आधारमा शासन गर्ने शासकले जनताको मर्म बुझ्न सक्दैन त्यही भएर जनताको शासन जनताले गर्ने हो भनेर नै संविधानमा संघीय शासनको व्यवस्था गरियो । जसमा जनताले चुनेको व्यक्ति राष्ट्रपति हुने भए । तर अहिले राजाको भन्दा बढी विलासी सुविधा राष्ट्रपतिलाई भयो भनेर विरोधका आवाजहरू बाहिर आइरहेका छन ।

आज अनियमितता र भ्रष्टचार केन्द्रदेखि स्थानीय तहसम्म संस्थागत हुँदै गइरहेको छ । हुँदा खाने अधिकांश जनताको दैनिकीमा कुनै परिवर्तन आएको छैन । दलहरू आफैं आन्तरिक कलहमा फसेर टुक्रिएर धुजा धुजा हुँदैछन । जनताले विश्वास गरेर दिएको मतको सम्मान गर्न दलहरूले सकेका छैनन् । सत्ता हात पारेर के काम ? कोही प्रतिगमनको बाटो हिँड्छन त कोही राजनीतिक प्रतिशोध राखेर काम गर्छन् । यस्तो पाराले न जनताको हित हुन्छ न देशको समृद्धि नै ।

सरकारमा आएर अघिल्लो सरकारले गरेका सबै काम भत्काउनमै समय जान्छ । दलहरूले जति नै लोकतन्त्रको गीत गाए पनि उनीहरूभित्रै अलोकतान्त्रिक अभ्यासको हावी भइरहेको छ । जनअपेक्षा अनुसारका कामको आधारसमेत बस्न सकेको छैन ।

जनताका लागि महत्वपूर्ण शिक्षा र स्वास्थ्य हो । आज त्यही शिक्षा र स्वास्थ्य धनी वर्गको पकटमा गइरहेको छ । निमुखा जनताको पहुँचमा नभएको शिक्षा र स्वास्थ्यको के विकास मान्ने ? एक अर्कामा लडाइँ कुन्ठा, दम्भ राजनीतिक प्रतिशोधले दलहरूमा बैमनस्य मौलाउँदै गएको छ । कसरी हुन्छ विकास ? यहाँ त काममा क्रान्तिकारी परिवर्तनमा क्रान्तिकारी होइन, भाषण र दिवा सपना बाँड्ने क्रान्तिकारीहरूको जमात ठूलो छ ।

विकास र समृद्धिको दूरदृष्टि होइन, माफिया र दलालमार्फत पैसा कमाउने दूरदृष्टि भएकाहरूको संख्या बाक्लिँदै गएको छ । अनि कसरी हुन्छ सुशासन ? कसरी आउँछ समृद्धि ? हुँदाखानेहरूको दैनिकीमा कसरी हुन्छ परिवर्तन ? यस्तै संस्कारको अभ्यास भइरहने हो भने अझै १०० वर्ष पछि धकेलिन्छ विकास र समृद्धि ।

# शासकवर्गको अराजक शैलीका कारण लोकतन्त्र बदनाम

● **उपेन्द्र झा**

अराजकता फैलाउने शीर्ष राजनीतिक दलहरूले राजनीतिक अराजकता व्याप्त रहेको कुरा स्वीकारेको छ । अकर्मण्य र स्वेच्छाचारी सबैले राजनीतिक असन्तुष्टता प्रकट गर्नु प्रणालीमा रहेको अराजकतालाई औंल्याउँछ । संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान घोषणा गर्दा मौलिक फूर्तिको प्रदर्शन गर्नेहरू पनि यस प्रणालीबाट दिक्क मानेका छन् । दिनहुँ लुगा फेरे जस्तै प्रणाली पनि फेर्ने शासकवर्ग कुन प्रणाली रुचाउँछन् प्रष्ट हुन सकेको देखिँदैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई जनसरोकारको प्रणाली बनाउन, विकासको गतिलाई तीव्र बनाउन उत्साही जनताले पहिलो पटक दुईतिहाइको जनादेश दिएर नेपाल कम्युनिष्ट पार्टीको अध्यक्ष केपी शर्मा नेतृत्वको सरकारलाई विश्वास गरेको थियो । ऐतिहासिक राजनीतिक प्रतिष्ठा प्राप्त गरेको ओली सरकार संघीय लोकतान्त्रिक गणतन्त्रको प्रणालीभन्दा बाहिर गएर स्वतन्त्र रुपले सरकार संचालन गर्दा राजनीतिक अराजकता बढ्न थाल्यो । ओलीको उखान टुक्कामा हाँसेर रमाउनेहरू पनि ओलीको शासन शैली निरंकुश भयो बभनेर अभिव्यक्ति दिन थाल्दा ओलीको अलोकप्रियता बढ्न थाल्यो । देश र जनताप्रतिको दायित्व र जिम्मेवारीबाट अलग्गिँदै केपी ओली राजाको शैलीमा शासन थाल्दा कम्युनिष्ट चरित्रको यस्ता निकृष्ट प्रदर्शनले अराजकतालाई खुल्लेआम मैदानमा उतार्‍यो ।

भनिन्छ, देश र जनताको अपेक्षा पूरा गर्न शासक अलिकति निरंकुश पनि बन्छन् । त्यो निरंकुशता जो जनताको भलोको लागि आएको हुन्छ, सबैका लागि ग्राह्य हुन्छ । तर नितान्त व्यक्तिगत स्वार्थ सिद्धिका लागि प्रयोग हुन निरंकूशता राजनीतिक अराजकतालाई निम्त्याउँछ ।

जनताको जनादेशलाई निजी स्वार्थमा प्रयोग गर्ने ओली सरकारको पालामा आएको बेथितिले समग्र प्रणाली माथि नै प्रश्नचिन्ह खडा गरी दिएको छ । संघीयताको खारेजी विपक्षीहरूका राजनीतिक एजेण्डा बन्न थालेको छ । १० वर्षमा आन्दोलन आउने र संविधान समाप्त गर्ने नेपाली राजनीतिको विशेषता रहेकोले यसपाली त १० वर्ष पनि पूरा हुने छाँट छैन ।

साझा रणनीति कायम रही शेरबहादुरको सरकारले एमसीसी पास गर्ने कुरा विस्तारै जटिल बन्ने सम्भावना देखिन्छ । प्रचण्ड एमसीसीको पक्षमा छन् भने माओवादीका अरु नेताहरू विपक्षमा छन् । माधव नेपाल पक्षका नेता डा.भीम रावल, माओवादीका नेता देव गुरुङहरू एमसीसीलाई राष्ट्रघाती भनिरहेका छन् । ओली एमसीसीको पक्षमा बोले तापनि आफ्नो पहुँचभन्दा एमसीसीलाई बाहिर लगेका कारण उनले आफ्नो मतको दुरुपयोग किन गर्छन् ।

राजावादी हिन्दूवादीहरूको ओलीलाई व्यापक समर्थन थियो । अहिले उनी एमसीसीको कडा विरोधमा उत्रेका छन् । एमसीसी राष्ट्रघाती सम्झौता हो भनेर असन्तुष्ट पक्षको बलियो जनआधार बन्ने कुरामा किञ्चित शंका छैन । यसमा ओली पक्ष पनि सामेल नहोला भन्न सकिन्न । राष्ट्रवादी छवि उनैको हो ।

गठबन्धनको स्वार्थलाई एमसीसीको स्वार्थसँग जोड्नु सजिलो छैन । सरकार सहयोगी दलहरूलाई पक्षमा उतार्नुभन्दा पूर्व नै एमसीसी विरुद्धको विपक्षको ठूलो भेलले सबै मनसायलाई नेस्तनाबुद गर्ने सम्भावना पनि प्रवल छ ।

राजनीतिक दलहरू स्वार्थपूर्तिका लागि एक अर्कालाई सहयोग गर्छन् । देश र जनताका लागि एक अर्कालाई सहयोग गर्ने भावनाको नितान्त अभाव छ । कुरा परोपकारको गर्ने तर काम व्यक्तिगत गर्ने यही मानसिकताबाट सबै प्रेरित रहेकोले अराजकता स्वतः निम्तिने स्पष्ट छ । ओलीको पालामा दास गुलामबाहेक सरकारमा अरु समावेश हुन नपाइनेको विरुद्ध शेरबहादुर देउवाको मन्त्रिमण्डलमा सबै दलहरू समावेश हुने स्वार्थ मिलेको कारण गठबन्धनको सरकार बनाउन सबै प्रेरित भए । ओलीको नेतृत्वमा चुनाव हुँदा आसेपासे जित्ने सम्भावनाबाट पनि डराएर दलहरूले गठबन्धनको सरकार बनाए । निजी स्वार्थ पूरा गर्नुबाहेक सरकारको फरक चरित्र केही छैन ।

# मैले देखेको १७४ औं विश्व पर्यटकीय स्थल

# जर्मनीको मानहाइम दरबार

सुरेन्द्र ढकाल



परबाट हेर्दा मानहाइम दरबार यस्तो देखिन्छ



दरबार प्रवेश गरिने दरबारको मध्यभाग



दरबारभित्रको विशाल कक्ष (हल)



दरबारभित्रको भित्तामा गरिएको कलात्मक पेन्टिङ



दरबारको बगैंचा



दरबारको चोकमा रहेको दुईमध्ये एक कार्ल फिलिपको मूर्ति



दरबारभित्र कलाले सजिएको सुन्दर कक्ष



दरबार अगाडि दिदी मीना र राजन विक

१८ मार्च २००८ को बेलुकी सिंगापुरबाट काठमाडौं फर्केपछि मेरो विदेश भ्रमण फेरि केही महिनाका लागि रोकियो। त्यसैबीच म २००७ देखि नै मण्डिखाटारस्थित दलित महिला उत्थान संघले चलाएको एक अनाथालयसँग जोडिन पुगेको थिए। जर्मन वालविशेषज्ञ तथा रोटेरियन पेटर च्जीनकी नेपाली श्रीमती प्रतिमा खड्काको माध्यमवाट म त्यो अनाथालय पुगेको थिएँ। पछि रोटरी क्लव स्पायर जर्मनीका पूर्वअध्यक्ष फर्डिनाण्ड प्लाइनले उक्त अनाथालयलाई एक आफ्नै भवन बनाई स्थायी रुपमा सहयोग गर्ने वचन दिएका थिए।

त्यसैबीच नेपाली इटालियन शब्दकोष बनाउने क्रममा स्वीस नागरिक एदभिजे दाम्ब्रोज्जोसँग मेरो घनिष्टता बढेको थियो। मेलै उनलाई जर्मन रोटरियनहरूले अनाथालय निर्माण गरिदिन लागेको थिएँ तर त्यसका लागि आफ्नै जग्गा नभएको कारण पर्ति जग्गा खोजी भइरहेको कुरा बताएको थिएँ। उनले सो कुरा स्वीटरजरलैण्ड, टिचिनोमा रहेको एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था अर्को वालेनोलाई जानकारी गराएपछि सो संस्थाले अनाथालयका लागि जग्गा खरिद गरिदिन तयार भयो। सोबमोजिम हामीले काठमाडौं बुढानिलकण्ठ सुन्दरवस्ती भंगालको जग्गा हेर्‍यौं र खरिद गर्‍यौं। सोको जानकारी फर्डिनाण्डलाई गराएपछि उनले आफ्नो मित्र नोर्बेट पोडस्लापलाई अनुरोध गरी भवन निमार्ण खर्च जुटाइदिएका थिए। खर्च जोहो भई २००८ को अन्त्यतिरै अनाथालय भवन निर्माण सम्पन्न भएको थियो।

हाम्रो कार्यबाट दाताहरू खुसी भई जर्मन मित्र नोर्बेट र स्वीस मित्र एदभिजेले म र अनाथालयकी अध्यक्ष श्रीमती राजन विश्वकर्मालाई जर्मनी र स्वीटजरलैण्ड आउन आमन्त्रण गरे। मैले सोही मौकामा मेरी दिदी मिनालाई पनि आफ्नै खर्चमा लिएर जाने निर्णय गरेँ। सन् २००९ को मे महिनाको १९ तारिखको बेलुकी हामी तीनै जना जर्मनीको लागि उड्यौं। २० तारिखको बिहानै फ्रान्कफर्ट विमानस्थलमा फर्डिनाण्डले हामीलाई विमानस्थलमै स्वागत गरे र सिधै स्पायरस्थित आफ्नै निवासमा लगे।

हाम्रो बसाइ त्यस दिन स्पाएरमै रह्यो। भोलिपल्ट २१ तारिखका दिन बिहानै स्पायरबाट ३० किलोमिटरको दूरीमा रहेका मानहाइम शहर घुमाउने उद्देश्यले फर्डिनाण्डले हामीलाई त्यतै लगे। त्यहाँ हामीले मानहाइमको ऐतिहासिक दरबार, टिभी टावर र बजार अवलोकन गर्‍यौं।

### मानहाइम दरबार

जर्मन भाषामा मानहाइम स्लोस्स भनिने यो दरबार बारोक शैलीमा बनेको रहेछ। जर्मन संघअन्तर्गत बाडेन भुर्टेमवर्ग राज्यको राजधानी मानहाइममा अवस्थित यो दरबार मौलिक रुपमा जर्मन पालाटिनेटका इलेक्टोरेट भिटसेलवाखका राजकुमारको निवास थियो। पछि यो दरबारका केही भागहरू मानहाइम विश्वविद्यालयले प्रयोग गरेको रहेछ। यस दरबारको सौन्दर्य भनेको यसको वास्तुशैली, दरबारका कक्षहरूमा ओछ्याइएका गलैंचा, कलात्मक फर्निचर, बहुमूल्य पेन्टिङ, पोर्चेलान र चाँदीका भाँडाकुँडा आदि रहेछन्। इतिहास खोतल्दै जाँदा मानहाइम शहरको स्थापना सन १६०६ तिर भएको र हाल दरबार रहेको स्थानमा फ्रिएडरिख वुर्ग नामक किल्ला रहेको र त्यहाँ पवित्र रोमन साम्राज्यका राजकुमारको निवास थियो रे।

हालको दरबार इलेक्टर राजकुमार कार्ल फिलिपले हाइडलवर्गको सट्टा मानहाइमलाई राजधानी बनाएपछि सन १७२० मा निर्माण गर्न लगाएका रहेछन्। वित्तीय समस्याको कारण दरबारको आंशिक निर्माण सम्पन्न हुन ११ वर्ष लागेको रहेछ। उनी १७३१ मा यस दरबारमा सरेका रहेछन्। तर दरबारको पूर्ण निर्माण कार्य भने सन १७६० मा सम्पन्न भएको रहेछ। कार्ल फिलिपको मृत्यु सन १७४२ मा भएपछि यो दरबार माइनको सुल्च्जवाखको नियन्त्रणमा गएको रहेछ तर उनीबाट यो दरबार वभेरियाका इलेक्टर चार्ल्स थियोडोरले आफ्नो अधिनमा लिएपछि उनको शासनकालमा यो दरबार विख्यात सांस्कृतिक गतिविधिको केन्द्र बनेको रहेछ।

पछि उनका उत्तराधिकारीले आफ्नो निवास म्युनिखमा सारेपछि यो दरबारलाई प्रशासकीय इकाइको रुपमा प्रयोग गरिएको रहेछ। नेपोलियन युद्धताका यो दरबारमाथि फ्रान्सका नेपोलियन प्रथमले कब्जा जमाएका रहेछन् र पालेटिनेटका इलेक्टरलाई बाडेनको ग्राण्ड डचीअन्तर्गत राखिएपछि मानहाइमले आफ्नो आर्कषण र राजधानीको हैसियत दुबै गुमाएको रहेछ। २० औं शताब्दिसम्म आइपुग्दा यो दरबार मानहाइम नगरको म्युजियममा सीमित हुन पुगेछ।

दोस्रो विश्वयुद्धताका बमको निसाना बनेको यो दरबार आंशिक रुपमा ध्वस्त हुन पुगेको रहेछ। पछि निजी क्षेत्र र सरकार दुबैको प्रयासमा झण्डै १० करोड जर्मनमार्क खर्च गरी यो दरबारको जिर्णोद्धार गरिएको रहेछ। दरबारका बारेमा भन्नुपर्दा यो दरबारको ४५० मिटर लामो दक्षिण पश्चिम मोहोडा राइन नदीतर्फ फर्केको रहेछ। ६ हेक्टर क्षेत्रफल ओगटेको यो दरबार बारोक शैलीमा बनेको भर्साइको दरबारपछिको युरोपकै दोस्रो ठूलो दरबारमा गनिँदो रहेछ। दरबारको मध्येभाग यसको विशाल कक्ष (हल) ले ओगटेको रहेछ। यसको पूर्व र पश्चिम गरी दुई ठूला मोहोडा रहेछन् जसलाई एहरेनहोफ भनिँदो रहेछ। यो मोहोडामा भएका कक्षहरूलाई विश्वविद्यालयको लेक्चर हलको रुपमा प्रयोग गरिएको रहेछ।

पछिल्लो समयमा यो दरबारमा आधुनिक शहरी कला प्रदर्शनीको आयोजना गरिने स्थलको रुपमा पनि विकाश भएको रहेछ। यो दरबारको उत्तर मोहोडामा दरबारको चर्च (स्लोस्स किर्ख) रहेछ। दरबारको दक्षिण-पूर्वी मोहोडा उत्तरी मोहोडाभन्दा धेरै विशाल रहेछ जसलाई स्नेकनहोफ भनिँदो रहेछ। यहाँ विश्व विद्यालयका विभिन्न विधागत विभागहरूको कार्यालयहरू संचालन भएका रहेछन्। यसको बीचको चोकमा मानहाइम दरबार निर्माण गर्ने चार्ल्स तृतीय फिलिप र इलेक्टर अफ बभेरियाका चार्ल्स थिओडोरको मूर्ति रहेछ।

हामीलाई पुरै दरबार घुम्न करिब दुई घण्टा जति लाग्यो। दरबार र यसको बगैंचा अवलोकन गरेपश्चात हामी केहीबेर मानहाइमको नगरको केन्द्रमा रहेको एक रेष्टुराँमा दिनको खाना खाई मानहाइमको टावर अवलोकन गर्न त्यतातर्फ लाग्यौं।

कथा

# प्रेम अन्तर

सन्तोष खतिवडा

कोठाका अरू प्रत्येक सदस्यहरू मौन छन् । मात्र टेबुलबाट काठेकीरा मन्द रूपमा चुइँचुइँ कराइरहेको छ । म यतिखेर पनि उत्तानो पल्टेर सुतिरहेको छु । भर्खरसम्म भान्छा कोठाबाट आएको भाँडाको आवाज पनि हराउन थालिसक्यो । कोठाको सुनसान वातावरणलाई ढोका खोलिएको आवाजले चिर्छ । फेरि देख्छु, त्यही चेहरा जसलाई मैले विगत दुई वर्षदेखि देख्दै आएको छु ।

संगसँगै माया जन्माउनुपर्ने, आलिङ्गन र स्पर्शका काउकुतिसँगै मायाको घेरा तन्किदै जानुपर्ने । फेरि किन २ वर्षदेखि एउटै खाटमा सुत्ने गरेकी मेरी श्रीमती, किन त्यसको पटक्कै माया लाग्दैन मलाई ?

'खुट्टामा तेल लगाउने हैन ?'

ऊ मेरो खुट्टा नजिक आएर खाटको डिलमा बस्दै सोध्छे ।

'लाउँदिन'

अपुरो र अलि कडा जवाफ दिन्छु म । उ केही नबोली दरफरिएका र फुटेका हातले मेरो खुट्टा सुम्सुम्याउन थाल्छे । फेरि कोठामा मौनता छाउँछ । त्यही मौनताको प्रतिकुल फाइदा उठाएर अझ जोडले चुइँकिराखेको छ काठेकीरा ।

एकछिनपछि त्यही काठेकीरालाई साथ दिन्छे मेरी श्रीमती ।

'आज दुई वर्ष भयो हजुर र मेरो विवाह भएको त्यस्तो कुनै दिन छैन, हजुरको मुहार हँसिलो भएको होस् । के कमी छ मेरो सेवामा ? के म हजुरको योग्य नभएर हो ? किन म हजुरलाई कहिल्यै खुसी देख्न सक्दिनँ ? भन्नुहोस् न म के गरौं हजुरलाई खुसी पार्न.. ।'

उ अझ के के भन्दै हुन्छे । म एकाग्र भएर उसको कुरा सुनेकै हुन्न तर पिडुँलामा एक्कासी चिसो पानीले स्पर्श गर्दा म उठेर हेर्न बाध्य हुन्छु । देख्छु उसका आँखा रोइरहेका छन् । मलाई झनक्क रिस उठेर आउँछ । सम्झन्छु त्यही विगत जतिबेला म थिएँ, अनि मेरो साथमा मात्र बिनु थिई । मैले जिस्केर अरू नै केटीसँग विवाह गर्छु भन्दा कसरी रोएकी थिई बिनु । उसका रूवाई एकनाश घुँक्क घुँक्कमा बढिदिँदा झण्डै मेरा आँखा पनि रसाएका थिए ।

विगतकी बिनु र वतर्मानकी सरूमा के अन्तर ? दुवैका रूवाई एउटै । प्रदर्शन, मायाको प्रदर्शन, क्षणिक प्रदर्शन मैले अरू केटीसँग विवाह गर्छु भन्दा रूने बिनु, कसरी गएकी थिई मलाई छोडेर । उसले आफ्ना बुबाआमासँग भनेकी थिइ रे-

'मैले उसलाई माया नै गर्दिनँ । ऊ एकोहोरो छ, बाध्य गराउँछ, त्यही बाध्यताका उपज मबाट गरिएको मानवीयताको प्रतिक्रियालाई माया सम्झिन्छ ऊ ।'

हो त्यही बिनु जसले देवीको मन्दिरमा गएर मलाई जीवनभरि साथ दिने कसम खाएकी थिई । त्यही बिनु, जोसँग मैले जिन्दगीका अविस्मरणीय क्षणहरू बिताएको थिएँ । त्यही बिनु, जसलाई म अति माया गर्थें । सँगै बस्दा मेरो ज्याकेटमा टाँसिएको उसको कपालको रौं जम्मा पारेर राखेको थिएँ मैले । मलाई उसको केश राशीदेखि खुट्टाका नसानसा पनि आफ्नो लाग्थ्यो । त्यही बिनु, जसले मेरो मायालाई खिल्ली उडाएकी थिई । जसले मेरो बाटामा सफलताका नरोकिने भेलहरूलाई बाँध बाँधिदिएकी थिइ । अनि मेरो मनभित्र सम्पूर्ण स्त्री जातिको लागि घृणा सृजित गराएकी थिई ।

साँच्चै केही भिन्नता पाउँदिन म सरू र बिनुको आँशुमा । टाउको उठाएर हेर्छु, सरू मेरो खुट्टा नजिक टाउको राखेर निदाइरहेकी छे । मलाई सरूदेखि रिस उठेर आउँछ । खुट्टाले हिर्काउन मन लाग्छ । फेरि त्यसो गर्दिन म, कडा स्वरले बोलाउँछु- 'सरू राम्रोसँग सुत' ऊ आँखा उघार्छे । उसका आँखा रातो भएको देख्छु । सायद धेरैबेर रोइछे । नक्कली रूवाई, किन रून परेको होला नि । मनमनै भन्छु । फेरि उसलाई केही भन्दिनँ ।

ऊ केही नबोली चुपचाप सुत्छे । साँच्चै, सरू र ममा यो दूरी केले ल्यायो ? थाहा छैन मलाई कहिलेकाहीँ नारीको छुच्चो मुख शत्रु भइदिन्छ । नमिठो बोलीले मायालाई बिस्थापित गरेर निर्दयी बनाइदिन्छ । तर सरूले आजसम्म मसँग नमिठो बोली बोलेकी छैन । फेरि किन म सरूलाई माया गर्नसक्दिन ? किन उसलाई देख्नेबित्तिकै रिस उठ्छ मलाई ?

'चिया पिउने हैन ?' सरू चियाको कप बोकेर मेरो अगाडि उभिरहेकी छे । निद्रा खुलिसके पनि मैले ओछ्यान छाडेको छैन । 'त्यहाँ राख' मेरो सिरान छेउको सानो टेबुल देखाउँदै भन्छु । ऊ आफ्नो मनको सारा पीडालाई लुकाएर खिस्स हाँसेर बाहिरिन्छे । म उसलाई ढोका बाहिर नपुग्दासम्म हेरिरहन्छु ।

आज किन किन शरीरका अंगहरू दुखेझैं लाग्दैछ । टाउको मन्द दुखिराखेको छ । काम गर्न जाँगर नै छैन । सुतौं सुतौं जस्तो लागिराखेको छ । म आफूलाई सम्हाल्नै नसकेर घर आइपुग्छु । 'हजुरलाई सञ्चो भएन ?' आत्तिँदै सरू म नजिक आइपुग्छे । 'हैन' म रूखो जवाफ दिएर खाटमा पल्टिन्छु । ऊ म नजिक आएर म सुतेर बाँकी रहेको ठाउँमा आफनो शरीरको एक चौथाई भाग अठ्याएर बस्छे । म आँखा चिम्लन्छु । निधार चिसो भएको महसुस हुन्छ र आँखा उघार्छु । सरू मेरो निधारमा चिसो रूमाल राखिदिँदै हुन्छे ।

मैले आँखा खोल्ने बित्तिकै ऊ रून्चे हाँसो निकाल्दै बोल्छे-'कस्तो ज्वरो आएको ? चिसो पानीपट्टीले अलि घटे जस्तो छ ।' हजुरलाई गाह्रो भइरहेछ ? ऊ घाँटीमा स्वर अड्काएर सोध्छे । म भने केही उत्तरै दिन्न । मेरो सामुन्नेको भित्तामा टाँगिएको घडि हेर्छु । रातको १२ बजिसकेछ, कस्तो निदाइएछ । सात बजे सुतेको थिएँ । उठ्न खोज्छु । तर रिँगटा लागेर आउँछ । टाउको दुख्न थाल्छ, सम्हाल्नै सक्दिनँ म आफ्नो शरीरलाई ।

सरू जुरुक्कै उठ्छे र मेरा पाखुरामा समातेर भन्छे-'हजुरलाई ज्वरोले कमजोर बनाएको छ । किन उठ्न पऱ्यो ? हजुरलाई मैले अनारको जुस बनाइदिएको छु, अलिकति पिउनोस् है ।' ऊ फेरि मौन हुन्छे । अनि एकैछिन पछि म उसलाई सोध्छु- 'तिमीले के खायौ नि ?' ऊ त्यही रून्चे अनुहार लगाएर भन्छे- 'हजुरलाई सञ्चो भएन, अनि हजुर सुतेदेखि नै यहीँ छु, अब बनाउँछु नि ।

'अहिले कति बज्यो थाहा छ तिमीलाई ?' म अर्को प्रश्न राख्छु । ऊ झस्केर घडी हेर्छे । मानौं ऊ भर्खरसम्म समय बिनाको संसारमा थिई ।

'ओहो १२ पो बजेछ' ऊ नाडी घडीलाई अर्को हातले बटार्दै भन्छे । 'भोक लागेको छैन तिमीलाई ?' म फेरि अर्को प्रश्न राख्छु । आजसम्म हामीबीच यति लामो कुरा कहिल्यै भएको थिएन । यद्यपि ऊ त्यसैको प्रतिक्षामा थिई । त्यसैले सायद आज उसको दु:खभित्र पनि खुसीको अनुभुति गरिरहेको छु म ।

'अहँ छैन त, मैले हजुर आउनुभन्दा एकैछिन अघि खाजा खाएथेँ' उसले भनी ।

'ए' भन्दै म बुझेजस्तो गरी टाउको हल्लाउँछु । यद्यपी दुई वर्ष यतादेखि ऊ, म आएपछि मात्र खाजा खान्थी । ऊ कुरालाई छल्न खोज्छे (हजुर अलिकति जुस पिउनुहोस् न ।'

'पहिला तिमी केही खाऊ, जाऊ' म उसलाई धकेल्दै भन्छु । मलाई आफैंलाई अचम्म लाग्छ । आज किन यति लामो कुरा गरिराखेको छु म ऊसँग ? किन आज ऊसँग कुरा गरिरहन मन लागिरहेछ मलाई ? हजुर खानुहोस् न पहिला, हजुरले नखाई मैले कहिल्यै केही खाएको छु र ? मलाई झट्ट बिनुको याद आउँछ । जसले कुनै रेष्टुराँमा मैले नखाई कोक छुँदै, छोएकी थिइन । मैले जुठो हालेपछि बल्ल खाएकी थिई उसले ।

साँच्चै बिनु र सरूमा के अन्तर ? तर अन्तर छ । बिनुको त्यो देखासिखी थियो । त्यहाँ, प्रेम र कर्तव्यभन्दा बढी औपचारिकता वा बनावटीपन थियो । तर ऊ त दुई वर्षदेखि त्यही गर्दै आएकी छे र सायद जीवनभर गरिरहन्छे । त्यहाँ प्रेम छ, साँचो प्रेम, कर्तव्य छ र यथार्थता पनि छ ।

ऊ गिलास लिएर आउँछे र हातको गिलास मलाई दिन्छे । र मेरो मुखमा हेरिरहन्छे । मानौं उसले मलाई पहिलोपल्ट देखेकी हो । मैले गिलास समातेपछि ऊ भान्छातिर जान्छे । बिनु, उसको प्रेममा देखासिकी थियो । प्रेम जीवनमा गर्नैपर्छ भन्ने मान्यताको उपज हृदयभन्दा बढी मस्तिस्कबाट निकालिएको औपचारिकता थियो । भनाईमा आफूभन्दा धेरै माया गरे पनि आफ्नो खुसी र सुखका लागि क्षणमै लत्याउन सक्ने स्वार्थी प्रतिविम्ब थियो । त्यसैले त लत्याईदिई उसले मलाई । तर सरू मेरो माया नपाए पनि, कर्तव्यको कवज लगाएर मेरो अनवरत सेवा गर्छे । उसको माया हृदयबाट निक्लिएको स्वच्छ माया थियो । यदि नहुँदो हो त म निदाएको बेलामा पनि ऊ किन म नजिक बसेर पानीपट्टी लगाइरहन्थी ? साँच्चै बिनु मेरो आत्मालाई भन्दा आवरणलाई प्रेम गर्थी । त्यसैले त रोजेर छाडिदिई मलाई । तर सरू मलाई प्रेम गर्छ, मेरो आत्मालाई ।

यस्तै अन्तर खोज्दै थिएँ । सरू कोठाभित्र आउँछे । 'सरू मैले तिमीलाई कहिल्यै माया गरिन हगि ?' एक्कासी मैले प्रश्न गरेँ । ऊ अब पूर्णरूपले हाँसिसकेकी हुन्छे । उसको चेहरामा दु:खका एउटा पनि अवशेष भेट्टाउँदिन म । ऊ हाँस्दै भन्छे, किन मैले कहिले हजुरले माया गर्नुभएन भनेकी छु र ? ऊ त्यति भनेर म नजिक आएर बस्छे । किन किन आज मलाई सरूसँग बोलिरहन मन लाग्छ । सायद त्यसैले होला म सरूलाई, बिनुको सम्पूर्ण कथा सुनाइदिन्छु ।

बिनुलाई मैले मन पराएको, मैले पाएको, हामीले सँगै बाँच्ने मर्ने कसम खाएको अनि बिनुले मलाई कलंकित बनाउँदै छोडेर गएको । सबै कहानी सुनिसकेपछि ऊ आँखाभरी आँसु बनाएर भन्छे 'हजुरलाई मैले विवाह गर्नुअगाडि नै चिनेको भए, म जस्तो परिस्थितिमा पनि हजुरलाई बिनु दिलाएरै छाड्थेँ । उसका आँखा रोएको देखेर, मेरा आँखा पनि करिब करिब रसाउन खोज्छन् । मैले कर गरेपछि ऊ सुत्छे र तुरुन्त निदाईपनि हाल्छे । तर मलाई अघि धेरैबेर सुतेकोले हो वा किन हो कुन्नि निद्रै लाग्दैन ।

(क्रमश:)

स्वास्थ्य

# समयमा नसुत्दा पर्ने असरहरु



राम्रो निद्रा राम्रो स्वास्थ्यका लागि महत्वपूर्ण मानिन्छ । समयमा सुतेर राम्रो निद्रा पुग्यो भने मात्र हाम्रो शरीरले आराम दिन्छ । सही समयमा नसुती दैनिक पर्याप्त निद्रा पुगेन भने यसले स्वास्थ्यमा ठूलो असर गर्छ ।

समयमा नसुत्दा मुटुमा असर पर्न सक्छ । राति ढिलोसम्म नसुत्नाले मुटु रोगको खतरा बढ्छ । हरेक दिन सही समयमा नसुत्नु वा राति ढिलोसम्म नसुत्दा मोटोपना, मुटु रोग र मधुमेह जस्ता दीर्घ रोगको जोखिम पनि बढी हुन्छ । राति ढिलासम्म बस्दा पर्न सक्ने समस्याहरू यस्ता छन् :

राति ८ घण्टाभन्दा कम सुत्नु शरीर र स्वास्थ्य दुवैका लागि फाइदाजनक मानिँदैन । जो मानिसहरू राति ढिलोसम्म बस्छन् र पर्याप्त निदाउँदैनन् उनीहरू मुटुको गम्भीर समस्याहरूको जोखिममा पर्छन् । यस्ता मानिसहरूमा रक्तचाप, हृदयघात जस्ता गम्भीर रोगहरू पनि हुन सक्छन् । यसबाहेक रक्तचाप घट्नु, सास फेर्न गाह्रो हुनुजस्ता समस्या पनि देखिन्छन् । राति ढिलासम्म ननिदाउनु र कम सुत्नुका बेफाइदाहरू निम्मानुसार छन् ।

राति ढिलो गरी उठ्नाले तपाईं उच्च रक्तचापको जोखिममा पर्नुहुन्छ । सामान्यतया, रक्तचाप निद्राको समयमा घट्छ, राति अबेरसम्म जागा रहनाले रक्तचाप शरीरमा उच्च नै रहन्छ । यस्तो अवस्थामा शरीरमा लामो समयसम्म उच्च रक्तचापको समस्या बढ्ने जोखिम हुन्छ ।

पर्याप्त निद्रा नपुग्दा मानिसलाई हृदयघातको खतरा बढ्छ । राति ढिलोसम्म बस्ने वा पर्याप्त निद्रा नपुग्नेहरूलाई हृदयघातको उच्च जोखिम हुन्छ । यसको कारण यो हो कि राति ढिलोसम्म जागै रहँदा व्यक्ति उच्च रक्तचाप र मधुमेहको समस्याबाट ग्रसित हुन सक्छन्, जुन हृदयघातका लागि सबैभन्दा ठूलो कारण मानिन्छ ।

पर्याप्त निद्रा नपुग्दा मुटुरोगको साथै अन्य गम्भीर मुटु रोगहरू निम्तिन सक्छन् । राति ढिलोसम्म बस्नु मुटुको स्वास्थ्यका लागि गम्भीर मानिन्छ । मुटु स्वस्थ राख्नका लागि दैनिक पर्याप्त निद्रा लिनु आवश्यक छ । जो मानिसहरू राति ढिलोसम्म बस्छन् वा राति कम सुत्छन् उनीहरूमा हृदय विफलताको जोखिम बढ्छ ।

राति ढिलोसम्म बस्दा वा कम समय सुत्दा मुटुसँग सम्बन्धित गम्भीर समस्याहरू आइपर्छन् । पर्याप्त निद्रा पुगेन भने तनाव र दुखाइको महसुस हुन्छ । शरीरमा सीआरपी वा सी९ रिएक्टिभ प्रोटिन बढेर गम्भीर मुटु रोग लाग्न सक्छ । यसको कारण, हृदयघातजस्ता गम्भीर समस्याहरूको सामना गर्नुपर्ने हुन सक्छ । त्यसैले पर्याप्त निद्रा मुटु र शरीरलाई स्वस्थ राख्नको लागि महत्वपूर्ण छ ।

# समाचार संक्षेप

## मृत अवस्थामा ५ जना फेला

काठमाडौं । काठमाडौं महानगरपालिका-१४ कुलेश्वर डेरा गरी बस्ने सिन्धुपाल्चोक चौतारा घर भएका २८ वर्षीय नारायण श्रेष्ठ आफ्नै कोठामा आइतबार मृत अवस्थामा फेला परेका छन् । बाँके, नेपालगंज उपमहानगरपालिका-१५ जमुनाह गाउँ बस्ने अनिल राईको छोरा ९ वर्षीय समिर राई सोही ठाउँस्थित पानी जमेको तलाउमा आइतबार मृत अवस्थामा फेला परेका छन् ।

बैतडी, सिंगास गाउँपालिका-२ बस्ने २२ वर्षीय प्रकाश धामी सोही गाउँपालिका-३ चिने ओडार भन्ने स्थानमा आइतबार मृत अवस्थामा फेला परेका छन् । मलामी गएको अवस्थामा सोही ठाउँस्थित टुडे खोलाले बगाई बेपता भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय र प्रहरी चौकी गाजरीबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा उक्त स्थानमा उनको शव फेला पारेको हो ।

सर्लाही, हरिवन नगरपालिका-४ स्थित होम इँटा उद्योगमा काम गर्ने भारत बिहार समस्तीपुर नायन स्टेट घर भएका ४५ वर्षीय धर्मेन्द्र राय यादव सोही उद्योगमा आइतबार मृत अवस्थामा फेला परेका छन् । यसैगरी सर्लाही, लालबन्दी नगरपालिका-१ स्थित हार्डवेयर पसल अगाडि हाल नाम, थर, वतन नखुलेका ६० वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन् ।

## ४ हजार ८ सय २८ जनालाई मास्क वितरण

काठमाडौं । कोभिड-१९ संक्रमणको रोकथाम तथा जोखिम न्यूनीकरणका लागि नेपाल प्रहरीद्वारा संचालित 'तपाईंको मास्क खोई ?' कार्यक्रम अन्तर्गत पछिल्लो २४ घण्टामा ४ हजार ८ सय २८ जनालाई नि:शुल्क मास्क वितरण गरिएको छ । कार्यक्रम अन्तर्गत गत वैशाख ६ गतेदेखि हालसम्म जम्मा १० लाख ६० हजार ७ सय ८ जनालाई नि:शुल्क मास्क वितरण गरिएको छ ।

नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण बढ्दै गएको सन्दर्भमा यसबाट सिर्जना हुन सक्ने समस्या र चुनौतीलाई दृष्टिगत गरी संक्रमण रोक्न तोकिएको सुरक्षा मापदण्डलाई दुरुस्त रुपमा कार्यान्वयनका लागि नेपाल प्रहरीले 'संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं' भन्ने नारा सहित 'तपाईंको मास्क खै ?' लगायतका विभिन्न सचेतनामूलक कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिरहेको छ ।

कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि स्थानीय प्रशासनद्वारा जारी गरिएको निषेधाज्ञा उल्लंघन गर्ने ६६ जनालाई ६ हजार ६ सय रुपैयाँ जरिवाना गरिएको छ । सो क्रममा स्वास्थ्य मापदण्ड उल्लंघन गर्ने २ सय ७ जनालाई रोकी सम्झाई बुझाई छाडिएको छ । साथै देशभर सञ्चालित माईकिङ, प्लेकार्ड, पर्चापम्प्लेट सहितको ७६ वटा सचेतनामूलक कार्यक्रम अन्तर्गत ६ हजार ६ जनालाई सचेत गराइएको छ ।

## हुण्डी कारोबारी पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका-१४ कुलेश्वरस्थित फलफुल बजारबाट अवैध हुण्डी कारोबारमा संलग्न रहेको अभियोगमा २ जनालाई नगद ३० लाख ७ हजार रुपैयाँ सहित मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काभ्रे चौरीदेउराली गाउँपालिका-३ घर भई सोही बजारको स्टल नम्बर १८ मा फलफुल व्यवसाय गर्ने ३४ वषीय मिन प्रसाद गौतम र उक्त पसलमा काम गर्ने रमेश तिमिल्सेना रहेका छन्। मिन प्रसादले हुण्डी कारोबार गरेको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा रमेशले हुण्डी कारोबारमा प्रयोग भएको उक्त नगद फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।।

## मृत अवस्थामा फेला

काठमाडौं । संखुवासभा, पाँचखपन नगरपालिका(८ कोकले बस्ने ३२ वषीय इन्द्र खबास सोही ठाउँस्थित हेवाखोलामा मंगलबार मृत अवस्थामा फेला परेका छन् । अर्घाखाँची, सन्धिखर्क नगरपालिका-२ भलायडाँडा बस्ने ५८ वषीय उम बहादुर कुमाल सोही ठाउँ बस्ने लिल बहादुर कुमालको घरमा सुतेकोमा मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

नियात्रा

# जगदीश उवाच

✍ - रामप्रसाद पन्त




सिमलानगरी स्थित जगदीश निवासमा विराजमान जगदीश शम्सेर राणाका मुखारविन्दबाट उद्गमित तर असिलसिलाबद्ध प्रवचन हामी (मोहन, रामबाबु, राधेश्याम, पवन, सुमन र यो पङ्क्तिकार सहित) छ जना श्रोतागणबाट श्रवण गर्दा भयौं । २८ अक्टोबर २०१५ को बेलुकादेखि ३१ अक्टोबरको बेलुकासम्म जम्मा ७२ घण्टा आंशिक रुपमा चलेको सो प्रवचन । हामीहरूका लागि– शुकदेवद्वारा अठासी हजार शौनकादि ऋषिहरूलाई दिएको तत्वज्ञानजस्तो लाग्दो भयो ।

जगदीशले अगाडि भन्नुभयो–

विश्वकै पहिलो र पूर्वीय संस्कृतिको उत्कृष्ट ग्रन्थ वेदको महफ्व धेरै कमलाई थाहा छ । त्यस भित्रको 'ॐ भुर्भुव स्व .....' गायत्री मन्त्रको महफ्व त झन् कति ठूलो छ ? दैनिक मन्त्रजप गर्ने तागाधारीहरूले नै बुझिसकेका छैनन् भने अरु कसले बुझ्ने ?तर वेदको 'सहस्र शीर्षा पुरुष....' सँग श्रीकृष्णको 'सर्व धर्मान् परित्यज्य ....' सँग बिल्कुलै मेल खाँदैन । कृष्णले किन यसो भने ?म छक्क परेको छु ।

पुरुष सूक्त भनेर चिनिने वेदका सोह्र ऋचाको मैले नेपाली र अँग्रेजीमा उल्था गरेको छु । तपाईं (रामप्रसाद पन्त) दायित्वका सम्पादक हुनुहुँदो रहेछ, म फोटोकपी गरेर दिन्छु,पत्रिकामा छापिदिनुहोला । सर्वसाधारणका लागि यो ज्ञानवर्द्धक नै हुनेछ ।

हामीले हाम्रो भाषा-संस्कृति पनि भुल्न थालिसक्यौं । नेपाली शब्दहरू छँदाछँदै अँग्रेजी वा अन्य भाषा प्रयोग गर्छौं । तपाईं (राधेश्याम) अनेसासको सरोकारवाला व्यक्ति । डायस्पोरा किन भन्नुहुन्छ ? बाहिरवासी नेपाली भनेर किन सम्बोधन गर्नुहुन्न ? अहिले त झन् उत्तरआधुनिकताको ववन्डर आएको छ । यसलाई किन रोकथाम गर्नुहुन्न ?

रोगी, जोगी, भोगी, ढोंगी सबैसँग मैले सङ्गत गरेको छु । मानिसले अहङ्कार किन गर्छ ? म मर्छु भन्ने कुरा किन भुल्छ ? म छक्क पर्छु । मानिसले दुई कुरा कहिल्यै भुल्नुहुँदैन– नाङ्गै आएको हो र नाङ्गै जाने हो । जीवनको सन्दर्भमा म र मेरो ड्राइभरमा कुनै फरक छैन । मेरो छोरा मभन्दा अगाडि लाग्यो, ब्लडप्रेसर डाइबिटिज कन्ट्रोल गर्न नसकेर मऱ्यो । मैले नियति सम्झेर चित्त बुझाइरहेको छु ।

बबरमहलमा पाँच सय जना बुद्धिष्टलाई भोजन गराएको झलझली याद छ मलाई । त्यसबेला पच्चीस प्रतिशत पनि शाकाहारी भेटिएनन् । अहिंसाका हिमायती बुद्धिष्टहरूलाई भोजन गराउँदा मासु नपुगेपछि मैले मलाई नै काट भनेको कुरा अझै सम्झना छ । जुन भोजको भव्यताबारे इन्द्रचोकदेखि चाँदनीचोकसम्म सबैलाई थाहा छ ।

मलाई भैंसी चराउने गोठालो (रामवरण) दरबान (वामदेव) भान्से (विद्या) र छापामारहरू (ओनसरी र नन्दकिशोर) ग्रेट लाग्छन् । किन अपमानित भाषा बोल्छन् मानिसहरू ? सानो सङ्घर्षले त्यो ठाउँमा पुगेको हो र तिनीहरू ? गरेर देखाउनुस् न ! कालाजातिका मुस्लिमधर्मी ओबामा अमेरिकाजस्तो शक्तिशाली राष्ट्रको राष्ट्रपति पदमा पुग्न तीन पुस्ताको सङ्घर्षले काम गरेको छ ।

तालिबानले सक्रिय रूपमा कतिपय ठाउँमा मानिसहरूलाई काममा फर्कन भने पनि भयको वातावरण कायम रहेकाले मानिसहरू नफर्किरहेको उनको भनाइ छ। अफगानिस्तानका कैयौँ ग्रामीण भेगहरूमा स्वास्थ्य सेवा उपलब्ध छैन वा एकदम न्यून मात्रामा उपलब्ध छ। मातृ मृत्युदर घटाउन उक्त देशले नर्स र महिला स्वयंसेविकाको संख्या बढाउन कदमहरू चालेको छ।

अस्पताल जाने आउने क्रममा उनले सडकमा कम मानिसहरू देखेको र धेरै पसलहरू बन्द भएको आफूले देखेको उनले बताइन्। तर तालिबानले कपडा जाँचका लागि आफूलाई नरोकेको उनको भनाइ छ। 'यो उनीहरूको अघिल्लो कार्यकाल जस्तो छैन। अघिल्लो कार्यकालभन्दा अलिकति राम्रो छ।'

अफगानिस्तानको संसद्का २७ प्रतिशत सिट महिलालाई आरक्षित गरिएको छ र अहिले ६९ जना महिलाहरू संसद्मा छन्। तर, तालिबानको नेतृत्वक्रममा कोही पनि महिला छैनन् र उनीहरूले समावेशी सरकार गठन गर्छन् भन्ने पनि स्पष्ट छैन। 'हामीलाई उनीहरूको मुद्दा पनि थाहा छैन। उनीहरू कहिल्यै महिलाको बारेमा छलफल गर्दैनन् त्यो हाम्रा लागि चिन्ताको विषय हो,' सांसद फरजाना कोचाइले भनिन्। महिलाहरू बिनाको सरकारलाई अन्तर्राष्ट्रिय समुदाय र नागरिक समाजले उत्तरदायी रूपमा नलिने उनले बताइन्। सडकमा कम महिलाको उपस्थिति जस्तो पछिल्लो नाटकीय परिवर्तनले उनले गम्भीर असहजता महसुस गरेकी छन् तर उनी केही महिलाहरू रोजगारी र शिक्षामा फर्किरहेको स्वीकार गर्छिन्।

'सबै महिलाहरू भयभित भएर ढोका थुनेर बसिरहेका छैनन्। तर, महिलाहरू सामाजिक, मानसिक र राजनीतिक रूपमा चुनौती भोगिरहेका छन्। हामीमध्ये अधिकांश लुकिरहेका छौँ। हामी सामाजिक सञ्जालमा देखिन सक्दैनौँ, काम गर्न सक्दैनौँ र घरबाट बाहिर निस्कन सक्दैनौँ।' काबुलमा ठूलो संख्यामा महिलाहरूले बुर्का किनिरहेको पनि उनले बताइन्। तालिबानले सत्ता हातमा लिनुभन्दा अघिबाट नै कोचाइले सशस्त्र समूहबाट धम्कीहरू पाउने गरेकी थिइन्। उग्रवाद विरुद्ध आलोचनात्मक धारणा राख्ने धेरै महिला राजनीतिकर्मीहरू अहिले लुकिरहेका छन्। २६ वर्षको उमेरमा नगरप्रमुख चुनिँदा कान्छी मेयर बनेकी जारीफा जाफारीले तालिबानको हातबाट आफ्नो हत्या कुरिरहेको बताइन्।

उनले ब्रिटिस अखबार द इन्डिपेन्डेन्टलाई भनिन्, 'म उनीहरू यहाँ आउन् भन्दै प्रतीक्षा गरिरहेकी छु। म र मेरो परिवारको लागि कुनै सहयोग उपलब्ध छैन। म परिवार र मेरा श्रीमान्सँग बसिरहेकी छु। तिनीहरू म जस्ता मानिसहरूका लागि आउनेछन् र मलाई मार्नेछन्।' 'म उनीहरूलाई विश्वास गर्दिनँ,' उनले भनिन्। तालिबानहरूले महिला अधिकारबारे भन्ने र व्यवहारमा देखाउने कुरा फरक रहको अफगान शिक्षिका र अधिकारवादी पास्ताना दुर्रानी बताउँछिन्। उनले विगतमा महिलालाई बुर्का लगाउन बाध्य पारेको र १० वर्षभन्दा माथिको उमेरका छात्रालाई विद्यालय जानबाट वञ्चित गरेको उक्त इस्लामवादी समूहले महिला अधिकारका बारेमा थप प्रस्ट पार्नुपर्ने बताइन्। दुरानीले जीवनको जोखिम रहे पनि आफूले बोल्नुपर्ने बताइन्।

'हेरतमा किशोरीहरूले विश्वविद्यालय जान पाएनन्। कान्दाहारका छात्राहरूलाई घर जान भनियो र उनीहरूका पुरुष आफन्तलाई उनको ठाउँमा बैंकमा काम गर्न भनियो।' उनले भनिन्, 'तालिबानहरूले विभिन्न् देशहरूबाट अफगानिस्तानको मान्यताप्राप्त सत्ताको वैधानिकता खोजी रहेका छन् तर त्यही समयमा उनीहरूले व्यवहारमा के गरिरहेका छन्? या आफ्नो तल्लो तहमा उनीहरूको नियन्त्रण छैन या उनीहरू वैधानिकता चाहन्छन् तर काम गर्न चाहँदैनन्। यो दुई फरक कुरा हो।'

महिला अधिकारको अर्थ हिँडडुल गर्न पाउने अधिकार, समाजमा घुलमिल हुन पाउने अधिकार, राजनीतिक अधिकार, प्रतिनिधित्वको अधिकार वा मतदानको अधिकार के हो त्यो प्रस्ट हुनुपर्ने उनको भनाइ छ। तालिवानको भनाइ र उसका लडाकुको व्यवहारमा फरक देखिएको अधिकारकमी दुर्रानीले बताइन्।

(एजेन्सी)

When the entire army and all the people live and struggle with the revolutionary soldier spirit and fighting spirit, united single-heartedly behind the Party, there will be no enemy in the world strong enough to resist us and no fortress we cannot conquer.

Since our People's Army is the creator, personifier and pioneer of the revolutionary soldier spirit representative of the times and the most powerful combat unit that defends the first lifeline of our revolution, it is the standard-bearer, hardcore unit and the main force of the Songun revolution and, has been exalting the honour to a highdegree.

Songun politics, which gives prominence to the People's Army as its main force, makes it possible to firmly maintain and apply to the letter the fundamental ideals and the basic principles of the revolution. Socialism is the fundamental ideal of our revolution to realize the independence of the masses of the people, and socialist society is a society which embodies the class demands and aspirations of the working class. Apart from the intrinsic desire and class principle of the working class, it is impossible to realize the independence of the masses of the people and complete the socialist cause. We are striving to build a great, prosperous and powerful socialist nation and reunify the country in the midst of a severe class struggle against the US imperialists and other enemies. The complex and grave situation of our revolution demands that the edge of class struggle be sharpened and the working-class principle, the revolutionary principle, be maintained more thoroughly in all spheres. Our Party has upheld the banner of Songun in the acute confrontation with imperialism. Our rifle is the rifle of class, the rifle of revolution, and it is the most powerful weapon for anti-imperialist class struggle. The revolutionary soldier spirit of the People's Army is the highest expression of class consciousness and the revolutionary spirit of the working class. Today our Party is totally serious and uncompromising about its demand for adherence to the classprinciple, the revolutionary principle, in all spheres of the revolution and construction and for further intensification of class education and revolutionary education among the soldiers and the people, as required by the Songun era. When our army and people are firmly equipped with a high level of class consciousness and the revolutionary soldier spirit in support of the Party's Songun-based leadership, the socialist class position will be further cemented, and the socialist cause will be defended and completed with victory under any circumstances.

The Songun politics of our Party is the most powerful and dignified politics of independence which embodies the Juche idea.

Independence is the life and soul of a social being, the masses of the people, a country and a nation. The man-centredJuche idea is an idea of independence, and all revolutionary struggles are ones for independence. The Juche idea correctly combines love for the masses of the people with that for the country and the nation, and the independence of the masses of the people, with that of the country and the nation, and scientifically elucidates the ways for its realization. The politics that defends and realizes the independence of the masses of the people, the country and the nation on the basis of the fundamentals and principles of the Juche idea is the most revolutionary and scientific politics, and it also constitutes genuine politics of love for the country, the nation and the people.

Our Songun politics that relies on the invincible revolutionary armed forces is a principled and righteous politics of anti-imperialist independence and politics of love for the country, the nation and the people, the politics which reliably defends and guarantees the independent demands and interests of the masses of the people,and the sovereignty and dignity of the country and the people from infringement by the imperialist reactionaries. As self-defensive revolutionary armed forces, our People's Army is defending by force of arms the dignity of our Party and revolution, our ideology and system and our country and people, smashing the enemy's war provocations and safeguarding the security and peace of the country. Thanks to Songun politics we are conducting the revolution and construction fair and square in our own way and as suited to the reality of our country and the interests of our revolution, and according to our own ideology and faith, holding up the banner of independence in spite of such complicated and acute situation as today. It is because we have strong military power and an ever-victorious strategy and tactics that we are firmly maintaining the independent principle in politics, resolutely rejecting all manner of outside interference and pressure, and pushing ahead with all our endeavours boldly as we intend, unfettered by anything. Thanks to Songun politics, our independence remains firmly guaranteed and our socialist motherland is demonstrating its dignity and honour, authority and might as a fortress of independence. Our Party's Songun politics is literally a politics for the people and a politics geared to defending and ensuring the independent rights and fundamental interests of the masses of the people. For this reason, the entire people support it absolutely and uphold it with loyalty. The unfurled banner of Songun upheld by our Party has become a great national banner inspiring the consciousness of national independence, self-respect and sense of national pride and honour among the fellow countrymen in the north, south and abroad, and opening up the road to the national reunification and prosperity.

Our Party's Songun idea, Songun politics, has proved its validity, superiority and great vitality, and is demonstrating them all the more with each passing day in the practice and reality of our revolution.

First of all, the military position of our revolution has been fortified impregnably under the Party's Songun-based leadership.

The military might of the country constitutes the foremost national power in the struggle for independence and socialism and against imperialism. If one defeats the enemy on the military front one will emerge victorious on all other fronts. Our People's Army has grown up to be invincible revolutionary armed forces, and our socialist motherland has emerged as a military power in the international arena. We have won one victory after another in the fierce political and military showdown with the imperialists, and defended the country, the revolution and socialism from all manner of aggressive machinations of theenemy.

The distinguished successes and achievements we have made in the military field are precisely the great victory of our Party's Songun-based leadership, Songun politics, and clear manifestation of its validity and might. The military position of the revolution that has been cemented into an impregnable fortress, with the People's Army as the core, thanks to our Party's Songun-based leadership serves as a basic guarantee for the completion of the Juche revolutionary cause.

Our revolutionary ranks have been united more solidly than ever and the single-hearted unity of our whole society has been further strengthened in the Songun era.

Today the People's Army and the people have forged a genuine comradely relationship whereby they share weal and woe on the road of Songun-based revolution under the leadership of the Party, and the whole society is brimming over with the beautiful trait of unity between the army and the people. The servicepersons are serving the people withdevotion while the latter are taking loving care of the former as their own flesh and blood, assisting them with all sincerity, and devotedly learning from the revolutionary soldier spirit and fighting spirit of the People's Army. As a result, both the servicepersons and the people share the same idea and fighting spirit. In the Songun era the People's Army is playing a  pivotal, vanguard role in all spheres of the revolution and construction, while the people are treasuring the former above all else, and displaying the trait of supporting and assisting the army to the full, resulting in further solidity of comradely unity between the army and thepeople.

As a result of our Party's Songun-based leadership and politics of love for the soldiers and the people, the single- hearted unity of our society has been upgraded to a single- hearted unity of the whole Party, the whole army and the whole nation based on one ideology and faith, and comradely love and obligation. Furthermore, the politico-ideological might of our revolution has been further strengthened to an incomparabledegree.

The great viability of Songun politics has been confirmed in the process of socialist construction.

As the main force of the revolution, the People's Army stands in the van in all spheres of socialist construction and has been performing labour feats, setting a shining example. The officers and men of the People's Army have erected numerous monumental edifices and modern factories through their heroic struggle in full support of the Party's idea and policies, and made breakthroughs in the difficult yet important sectors of the national economy. They were the first to overcome manifold hardships and trials and created miracles and brought about innovations in all spheres, thus inspiring the working masses throughout the country to a revolutionaryupsurge.

Taking their cue from the revolutionary soldier spirit and the fighting spirit of the People's Army, the working class and other working masses created the Kanggye spirit and kindled the torch of Ranam, bringing about a sweeping innovation in overall socialist construction. By dint of Songun politics relying on the People's Army as the main force, we were able to endure the severest "Arduous March" and the forced march, open up a road towards building a great, prosperous and powerful socialist nation and push forward with the revolution and construction in a bold and positive way despite the difficult situation. Our experience shows that if all the officials and the working people uphold the Party's Songun-based leadership and work as the People's Army does, it is possible to conquer the fortress of cutting-edge science and technology, build an economic power, establish an assiduous manner in the management of livelihood and a noble way of cultural and emotional life throughout society, and provide our people with affluent lives in a short period oftime.

Our Party's Songunpolitics has registered a turning-point in the cause of national reunification, furthered the international solidarity with our revolution and radically expanded the external relations of thecountry.

Songun politics, which is imbued with the principle of national independence and the spirit of love for the country and the people, our policies for national reunification based on it and our positive efforts gave rise to the historic Pyongyang summit, followed by the adoption of the June 15 North-South Joint Declaration, and the further development of inter- Korean relations of reconciliation and cooperation in several sectors. The trend of struggle against the US and other foreign forces and for independent national reunification is mounting to a crescendo on an unprecedented scale in southKorea.

Songun politics, which opposes imperialist aggression and war policies and defends the independence of the country and the nation, is winning broad support among public circles and the progressive peoples of the world. It gives a blow to the aggressive forces of imperialism and encouragement to the anti-imperialist independent forces in the international arena, stimulating the cause of making the whole world independent.

Upholding the banner of Songun under the leadership of the great Party, our army and people have traversed a glorious road of victory, pushing their way through raging storms and creating miracles in history. The Songun-based revolutionary line of our Party is a great revolutionary line of our era and an ever-victorious banner of our revolution. In the Songun-based revolution lie the building of a great, prosperous and powerful nation, national reunification and the victory of the revolutionary cause of Juche. Now that the situation is very complicated and tense at home and abroad, we must hold the banner of Songun higher. The whole Party, the entire army and all the people must advance more resolutely towards a new great victory of our revolution in support of the Party's Songun-based leadership.

First of all, great efforts should be directed continually at strengthening the People's Army. The might of Songun politics is precisely the might of the People's Army; its superiority and might can be given full play only when the People's Army is soundly prepared politically and ideologically, militarily and technically.

The Party's leadership is the lifeblood of the People's Army. Our People's Army should be strengthened as the first defender of the Party, as the revolutionary armed unit that fights to the death in support of the Party's idea and leadership, so that it can inherit and add luster to its glorious history and tradition as the army of the Party and the leader. The more complex and tenser the situation is, the more efforts should be made to intensify politico-ideological education and military training within the People's Army so that all the servicepersons trust and follow only our Party under any circumstances and conditions, heighten their revolutionary vigilance and maintain their preparedness. The People's Army should be fully ready to mercilessly annihilate the imperialist aggressors whenever and wherever they attack.

The politico-ideological and military positions of our revolution must be fortified rock-solid by firming up single- hearted unity of the army and the people. There is nothing to fear or impossible to do when the army and the people fight with single-hearted unity under the Party's leadership. The tradition of army-people unity–both treasuring and loving each other and sharing weal and woe–should be given further play in the Songun era.

It is important to establish a sound habit of attaching importance to military affairs throughout society.

The work of consolidating the defence capabilities of the country is an undertaking shared by the entire Party, the whole country and all the people. Our officials and working masses must organize and conduct all work on the principle of giving precedence to military affairs, and make energetic efforts to build up the military might of the country. In addition, the paramilitary forces must be strengthened and the whole country turned into a solid fortress.

It is imperative to expedite overall economic construction while giving precedence to the defence industry, as required by the Songun era, so as to support the Party's Songun politics both materially and technologically, and radically improve the people's living standards in a short period of time.

All the officials and working people must cherish the validity and invincibility of the Party's Songun idea, Songun politics, as their unshakable faith, work and live as required by it at all times and strive to make the whole society overflow with such revolutionary mettle and militant spirit as can be found only in the People's Army.

Our People's Army and people have burnished the new era of the Juche revolution as a great Songun era under the leadership of the Party. We will victoriously advance the revolutionary cause of Juche and bring it to completion under the banner of Songun.

All the officials, Party members and other working people must become ardent followers of the Songun idea and staunch defenders and implementers of Songun politics, and loyally uphold our Party's Songun-based revolutionary leadership.

## होटलको...

संकटमा पर्दा पर्यटन उद्योगमा कार्यरत १० लाखभन्दा धेरै श्रमिकको रोजगारी जोखिममा परेको होटेल व्यवसायीहरूको भनाइ छ।

कोभिड महामारीका कारण होटेल क्षेत्र नराम्रोसँग थला परी व्यवसाय नै पलायनको अवस्थामा पुगेको होटेल संघ नेपाल (हान) की अध्यक्ष सिर्जना राणाले बताएकी छिन्। राणाको नेतृत्वमा अर्थ मन्त्रालय गएको प्रतिनिधिमण्डलले अर्थमन्त्री जनार्दन शर्मालाई भेटेर कोभिड महामारीमा होटेल उद्योगले भोगिरहेका समस्याहरूको जानकारी गराउँदै अतिप्रभावित यस उद्योगलाई संरक्षण गर्न सुझाब दिएको छ। उनले चालू आर्थिक वर्षको बजेट र मौद्रिक नीतिले सम्बोधन गरेका विषयहरू यथाशीघ्र कार्यान्वयनका लागि पनि अर्थमन्त्री शर्मासँग आग्रह गरिन्। पर्यटन पुनरुत्थानका लागि विशेष आर्थिक योजना बनाई होटेल उद्योगलाई फरक समूहमा राखेर कार्यान्वयन पक्षलाई जोड दिई नियमित अनुगमन संयन्त्रको विकास गरिनुपर्ने पनि अध्यक्ष राणाले बताइन्।

## सीमामा...

अधिकारीले भने। उनी भन्छन्- नेपालका प्रमुख जिल्ला अधिकारी र भारतका डिस्ट्रिक मेजिस्ट्रेडबीच हुनुपर्ने नियमित बैठकसमेत हुन सकेको छैन।' नेपाल भारतबीच करिब एक हजार आठ सय ५० किलोमिटर खुला सीमा छ। तराईका २६ जिल्ला भारतीय सीमासँग जोडिएका छन्। जसका कारण दुवै देशले विभिन्न समस्या झेल्दै आएका छन् तर समाधान गर्ने संयन्त्र निष्क्रिय हुँदा समस्या झन् बढ्ने देखिन्छ। सीमासम्बन्धी विषयमा समन्वय, नियमत र निर्देशन गर्न गृहमन्त्रालयमा सीमा तथा अध्यागमन प्रशासन शाखा छ। तर त्यहाँ सीमासम्बन्धी अभिलेखसमेत छैन। गृह मन्त्रालयको यो शाखा हेर्दा पनि सरकार सीमासम्बन्धी विषयमा कति असंवेदनशी छ भन्ने प्रस्ट हुन्छ। उपसचिवको नेतृत्वमा रहने शाखामा दुई अधिकृत र दुई नायब सुब्बाको दरबन्दी छ। सीमाका समस्याबारे विस्तृत जानकारी भएका कर्मचारीसमेत शाखामा नभएको गृहमन्त्रालय स्रोत बताउँछ।

दुई देशका बीचमा भएका सिमानाको घटनाको अभिलेख समेत सीमा शाखामा नहुनुले नेपालको कमजोरी प्रस्ट हुन्छ। शाखामा कञ्चनपुर र सुस्ता क्षेत्रमा कहिले के भयो, छलफलमा के के कुरा आए जस्ता विवरण समेत राखिँदैन। यस्तो अवस्था भएपछि नेपाल द्विपक्षीय वार्तामा सशक्त रुपमा प्रस्तुत हुन स्वाभाविक रुपले नै सक्दैन। सीमामा भारतीय सीमा सुरक्षा बलका अनगिन्ती ज्यादतीहरूउपर नेपालले भारतसँग शिर ठाडो पारेर प्रश्न गर्न सकेको छैन। कञ्चनपुर, कैलाली, दाङ, पर्सा, सिराहा, सुनसरी, मोरङ, झापा, इलामलगायत भारतसँग सीमा जोडिएका जिल्लाहरूमा एसएसबीले गरेको ज्यादतीको श्रृंखला लामो छ।

२३ फागुन २०७३ मा कञ्चनपुरको बेलौरी नगरपालिका १० भुडाका मजदुर कृष्ण रानालाई एसएसबीले कुटपिट गरेको थियो। त्यही साल फागुन २६ मा गोली प्रहार गरी पुनर्वास नगरपालिका ४ का गोविन्द गौतमको हत्या एसएसबीले गर्‍यो। ९ असार २०७५ मा हतियारसहित आएका एसएसबीले पुनर्वास नगरपालिका ८ पर्चुइमा हुलाकी सडक निर्माणमा अवरोध गर्‍यो। त्यसयता चारपटक आएर हुलाकी सडकको काम अघि नबढाउन धम्की दियो। ०७५ माघमा पुनर्वास ११ डोकेबजारस्थित दशगजामा नेपालसँग समन्वय नगरी ट्रेन्च निर्माण गर्‍यो। असार २०७७ मा भीमदत्त नगरपालिकाको ब्राह्मदेवमा सिद्धनाथ सामुदायिक वन क्षेत्रमा वृक्षारोपण गर्न अवरोध गर्‍यो। सोही साल साउनमा हतियारसहित फिल्मी शैलीमा आएर फेरि हुलाकी सडक निर्माणमा अवरोध गर्‍यो।

२०७३ चैतमा भैंसी चराएको निहुँमा कैलारी गाउँपालिकाका तुलाराम चौधरीलाई पक्राउ गरी भारु ५० हजार जरिवाना गरायो। ०७७ माघमा कैलारी गाउँपालिकाको सीमावर्ती शिवरत्नपुरमा तारबार गर्न सिमेन्टका पोल लिएर गएको ट्र्याक्टरलाई नेपाली भूमिबाटै नियन्त्रणमा लियो। मोहना नदीमा माछा मार्न गएका कैलाली ३ का हिरामणि चौधरी, जालुराम चौधरी, जंगबहादुर चौधरीसहित पाँच जनालाई नियन्त्रणमा लिएर दुर्व्यवहार गर्‍यो। दाङको राजपुर गाउँपालिका ७ भैसाहीस्थित चौकीमै आएर ०७१ मा नेपाल प्रहरीमाथि एसएसबीका जवानहरूले कुटपिट गरे। घटनामा दुई प्रहरीहरू घाइते नै भए। पर्साको ठोरी हुँदै बगेको कुलो एसएसबीले जबर्जस्ती १२ साउन २०७१ मा भत्काइदिए र प्रहरी जवानसहित चार नेपालीमाथि हातपात गरे। वर्दीमै आएका एसएसबीद्वारा १५ जेठ २०७७ मा ठोरीको टुटेखोला पुल सञ्चालनमा अवरोध गरियो। तत्कालीन प्रधानमन्त्री केपी ओलीले भगवान रामको जन्मभूमि ठोरी भएको अभिव्यक्ति असार २०७७ मा दिएपछि ४३६ नम्बरको सीमा स्तम्भ नै एसएसबीले उखेलेर फ्याँकिदिएको थियो।

नेपालतर्फको दशगजा मिचेर सिरहामा भन्सार चेकपोस्ट सञ्चालन गर्दै आएको भारतीय पक्षले माघ दोस्रो हप्ता २०७६ मा भगवानपुर गाउँपालिका ४ मा सशस्त्रको डयुटी पोस्ट समेत बनाउन नदिएपछि स्थानीय बसिन्दाबाट सीमा क्षेत्रमा नाराबाजी भएको थियो। यसपछि भारतीय पक्ष पछि हट्न बाध्य भएको थियो। कोरोना महामारी सुरु भएसँगै नाका बन्द भएपछि सीमा क्षेत्रमा जबर्जस्ती गर्न खोज्ने भारतीयहरूसँग पटक पटक झडपका घटनाहरू भए। लकडाउनमा लुकिछिपी भारतीयहरू नेपाल प्रवेश गर्ने क्रम चलिरह्यो। नेपाल प्रवेश गर्ने भारतीयहरूलाई रोक्न खोज्दा १ वैशाख २०७७ मा सिरहा नगरपालिका १९ सोहर्वा र १२ वैशाखमा सिरह नगरपालिका १७ माडर नाकामा सशस्त्र प्रहरीसँग झडप भएको थियो। वैशाख १, २०७७ मै सिरहा नगरपालिका १९ सोहर्वामा दूध लिएर नेपाल प्रवेश गर्न खोजेका एक भारतीयलाई सशस्त्र प्रहरीले रोकेपछि सीमा पारिबाट २०-२५ जनाको समूह आएर सशस्त्र प्रहरीमाथि ढुंगामुडा प्रहार गर्न थालेपछि झडप भएको थियो। १२ वैशाख २०७७ मा भारततिरबाट गहुँ झार्ने थ्रेसर जडान गरिएको ट्र्याक्टर लिएर माडर नाका हुँदै नेपाल प्रवेश गर्न खोज्ने भारतीय नागरिकलाई फर्काउन खोज्दा सशस्त्र प्रहरी बल आउटपोस्ट माडरमा कार्यरत सशस्त्र प्रहरी नायब निरीक्षकलाई ढुंगाले हानेर भारतीयले घाइते बनाइदिएका थिए।

भारतीय सीमा सुरक्षा बल एसएसबीले नेपाली नागरिकलाई गोली प्रहार गरी घाइते बनाएको घटना स्मरणीय छन्। ९ मंसिर २०७२ मा सुनसरीको कोसी गाउँपीलका हरिपुर गाउँमा नेपाल भारत दशगजा क्षेत्रमा एसएसबीले चलाएको गोली लागेर चारजना नेपाली अशोक यादव, नरेश यादव, मनोज यादव र सरोज यादव घाइते भएका थिए। सुनसरीको भन्टाबारी आसपासका क्षेत्रमा बसोबास गर्दै आएका नेपालीलाई भारतीय सीमा सुरक्षा बल गाउँ छोड्न पटक पटक धम्की दिइरहेको छ। २ असार २०७२ मा मोरङको विराटनगरसँग सिमाना जोडिएको भारतीय जोगबनी बजारबाट साइकलमा खाना पकाउने ग्यास लिएर आउँदै गरेका विराटनगर २२ का ४५ वर्षका युसुफ मियालाई पैसा माग्दा नदिएपछि एसएसबीका जवानले कुटपिट गरेका थिए। २०७४ मा मोरङको जहदा गाउँपीलका १ स्थित भुटाहामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नेपाली भूमि मिचेर दुई सय मिटर लामो बाटो बनाएको थियो। अनि दशगजामा बस्ती पनि बसाएको थियो। तर स्थानीयले नेपाली भूमिमा जबर्जस्ती बाटो बनाएको भनेर सशक्त प्रतिवाद गरेपछि एसएसबी पछि हट्न बाध्य भएको थियो। १ जेठ २०६७ बेलुकी ९ बजे भारत आरिया जिल्ला कुवाडी थानाअन्तर्गत पर्ने गरैया गाउँस्थित लैलोखरबेस क्याम्पबाट सादा पोसाकमा हतियारसहित नेपाल छिरेका एसएसबीका इन्टरपेक्टर हितेन्द्रसिंह र अर्का एक जवान नेपाल छिरे। उनीहरूले मोरङको आमहितरियाली चौकीका हवल्दार शम्भु चौधरीसँग झगडा गर्दै उनको हत्या गर्ने प्रयास गरे। झगडा छुट्याउन पुगेका दशगजा क्षेत्रमा बस्दै आएका धनपालथान गाउँपालिका २ का ५५ वर्षीय वासुदेव साहमाथि भारतीय सुरुक्षाकर्मीले रिस पोख्दै गोली हाने। स्थानीय समाजसेवीका रुपमा पनि चिनिएका सामान्य जनमन गरी आफ्नो परिवार पाल्दै आएका साह एसएसबीको गोलीबाट घटना स्थलमै मारिएका थिए।

सुदूरपूर्वी जिल्ला झापाको पाठामारीमा नेपाली भूमिमा बस्दै आएका नेपालीलाई सात वर्षअघि एसएसबीले बासस्थान छाडेर जान २४ घन्टे धम्की दियो। पछि नेपालले सो स्थानमा सशस्त्र प्रहरीको सुरक्षाबल राखेपछि अवस्थामा सुधार आएको थियो। २०७२ मा भारतले नेपालमाथि अघोषित नाकाबन्दी लगाएको समयमा नाकामा पुगेका झापाको भद्रपुरस्थित पृथ्वीनगरका स्थानीयलाई पेट्रोल तथा मट्टितेल तस्करी गरेको आरोपमा एसएसबीले बिनाअनुमति नेपाल प्रवेश गरेर सास्ती दियो। स्थानीयलाई पछ्याउँदै आएको एसएसबीले घरघरमा गएर दुर्व्यवहार गरेपछि सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर भारतलाई बुझाएको थियो। मेची नदीपारि भद्रपुर नगरपालिका अन्तर्गत पर्ने नेपाली बस्तीमा एसएसबीले लुटपाट मच्चाउँदै आएका छन्। ज्यामिरगढी, काँकरभिट्टा, बाहुन्डाँगी, महेशपुर, गौरीगन्ज लगायतका भारतसँग सीमा जोडिएका स्थानहरूमा स्थानीय बासीहरूलाई एसएसबीले दु:ख दिने गरेको छ। इलामको श्रीअन्तुमा समेत एसएसबीले सीमा अतिक्रमण गरेको र त्यहाँ भौतिक संरचना समेत खडा गरेको छ। पाँचथरमा पनि दशगजा मिचेर चेकपोस्ट खडा गरिएको छ। एसएसबीले सीमा क्षेत्रका दशगजा फाल्ने, भत्काइदिने र सार्ने गरेर सालिन्दा नेपाली भूभाग मिचिरहेको छ।

सन् १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धिले दुवै देशका नागरिकलाई निर्वाध आवागमन गर्ने छुट दिएको छ। बहुचर्चित इपिजी प्रतिवेदनमा यस्तो व्यवस्थालाई हटाई वर्क परमिट लागू गर्न सुझाव दिइएको बताइन्छ। यही कारण भारतले यो प्रतिवेदन बुझेको छैन। नेपालमा भारतीयहरूले प्रवेश गरी नेपालीनागरिकता समेत हात पार्ने गरेका घटनाहरू सार्वजनिक भइरहेका छन्। नेपालको तराईलाई एसएसबीले विहार युपी र पश्चिम बंगालको विस्तारित भूभाग जस्तै ठान्दै आएको छ।

## कालिगण्डकी...

परिमाणले समेत कालीगण्डकीमा कुन तहको दोहन भइरहेको छ भन्ने पुष्टि गर्छ। एक महिनाको अवधिमा अबैध उत्खननमा संलग्न ५ टिप्पर, ९ स्काभेटर र १८ ट्र्याक्टर नियन्त्रणमा लिएको थियो।

बागलुङको ढोडेनी, मालढुंगा, कालाखोला, जैमिनीघाट लगायत स्थानमा प्रतिवन्धित समयमा पनि दोहन भइरहेको छ। दोहनबारे प्रशासन, प्रहरी र पालिका चुपचाप छन। राष्ट्रिय गौरवको योजना बनाएर नदी संरक्षण गर्नुपर्ने र कालीगण्डकीको महत्वबारे राष्ट्रिय अवधारणा बन्नुपर्ने स्थानीय प्रशासनले बताएको छ। कालीगण्डकी दोहन रोक्ने गिरी अभियान नै बनाएर लागिपरेका छन्।

## सत्ता...

क्षेत्रमा पर्ने जनतालाई विद्युत् उपलब्ध गराउने भनिएको छ। स्वतन्त्र विद्युत् क्षेत्र नियामक निकाय 'विद्युत् नियमन आयोग' स्थापना गर्नेमा एमसीसी र नेपाल सरकारको सहमति छ। नेपालको ऊर्जा क्षेत्रमा पारदर्शिता, दक्षता र प्रतिस्पर्धाका लागि प्राविधिक सहायता पनि उल्लेख गराउने भनिएको छ। यो परियोजना अन्तर्गत निर्माण हुने सडक परियोजनाले नेपालको सडक विभाग र सडक बोर्डलाई प्राविधिक सहायता र तिनको क्षमता विकासका लागि आर्थिक सहयोग र नेपालको एसआरएनमा ३ सय ५० किलोमिटरसम्म सडक मर्मत सम्भारमा सहयोग गर्ने भनिएको छ।

एमसीसीप्रति प्रधानमन्त्री शेरबहादुर देउवाको मोह विगतमा प्रकट भइसकेको छ। यसलाई संसदबाट पारित गराउने पक्षमा कांग्रेस जोडतोडले लागिरहेको छ। देउवा प्रधानमन्त्री र ज्ञानेन्द्रबहादुर कार्की अर्थमन्त्री हुँदा अगाडि बढेको एमसीसी केपी ओली नेतृत्वको सरकार बनेपछि यसको कार्यान्वयन अपेक्षाकृत हुन सकेन। एमसीसीमा भएका नेपालको सार्वभौमिकतालाई नै धक्का दिने प्रावधानका कारण यो विवादित बन्न पुग्यो। नेपालको संविधानले सिंगो राजनीतिलाई नै तरंगित बनाइरहेको छ। यो सम्झौता सैनिक गठबन्धनको प्रकृति भएको इन्डोप्यासिफिक स्ट्राटेजीसँग जोडिएको छ। नेपालले अख्तियार गरेको परराष्ट्र नीति असंलग्न हो। नेपाल आफ्नो भूराजनीति तथा यसको चीन र भारतसँगको परिवेशमा कुनै एउटा एलायन्समा परराष्ट्र नीति विरुद्ध छ। यही कारण यो सम्झौताको पक्ष र विपक्षमा राजनीतिक दलहरू देखिएका हुन्।

सम्झौताअनुसार परियोजनाको कार्यान्वयन २०७७ असार १६ मा सुरु हुनुपर्थ्यो तर एमसीसीको सन्दर्भमा तत्कालीन सत्तारुढ दल नेकपाभित्रै विवाद भएपछि ओली नेतृत्वको सरकारले यसलाई अगाडि बढाउन सकेन। एमसीसी दस्तावेजलाई २०७६ असार ३० मा अर्थमन्त्रालयले प्रतिनिधिसभाको विधेयक शाखामा लागेर दर्ता गरेको थियो। त्यसपछि तत्कालीन नेकपाका सांसदहरू भीम रावल, देव गुरुङ, पम्फा भूसाल लगायतले संसदभित्र र बाहिर एमसीसी सम्झौताका केही प्रावधान संविधानभन्दा माथि रहेको र उक्त सम्झौता कार्यान्वयन गर्दा नेपाल अमेरिकी सुरक्षा छाताभित्र पर्ने दाबी गरेपछि विवाद सदनदेखि सडकसम्म छताछुल्ल भयो। संसदमा प्रतिनिधित्व नरहेको नेकपा माले सम्झौताको कार्यान्वयन विरुद्ध सडकमा उत्रियो। मालेले एमसीसी परियोजनालाई राष्ट्रघाती भएको दाबी गर्दै यो इन्डोप्यासिफिक रणनीतिको हिस्सा रहेको बतायो। सत्तारुढ दल तत्कालीन नेकपामै एमसीसीप्रति विवाद चुलिएपछि ०७६ माघ १९ मा एमसीसी सम्झौता अध्ययन गर्न पूर्व प्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा तत्कालीन परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली, भीम रावल सदस्य रहेको कार्यदल गठन गरियो। कार्यदलले सम्झौता संशोधन गरेर मात्र अनुमोदन गरिनुपर्ने सुझावसहितको प्रतिवेदन पार्टीमा बुझायो। तत्कालीन परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले १५ बुँदे फरक मत राख्दै सम्झौतालाई जस्ताको तस्तै अनुमोदन गरिनुपर्नेमा जोड दिएका थिए। तत्कालीन प्रधानमन्त्री केपी ओलीले सम्झौतालाई टेवल नगरेको भन्दै सभामुख कृष्णबहादुर महरा र अग्निप्रसाद सापकोटाको चर्को विरोध गरेका थिए। एमसीसी सम्झौता अनुमोदन गराउनकै लागि ओलीले आफ्ना विश्वासपात्र सुवास नेम्बाङलाई महरापछि सभामुखमा अघि सारेका थिए। तर उनको यो प्रस्तावलाई पार्टीले अस्वीकार गरेपछि सापकोटा माओवादी केन्द्रको भागबाट सभामुखमा निर्वाचित भएका थिए। सापकोटाले पनि यो सम्झौतालाई संसदको कार्यसूचीमा समावेश नै नगरेपछि अलपत्र परेको थियो। अहिले प्रधानमन्त्री देउवा यसलाई अगाडि बढाउन एमालेको समेत साथ खोजिरहेका छन्।

मंगलबार बिहान बसेको गठबन्धनको बैठकमा देउवाले एमसीसी पारित गरिनुपर्ने प्रस्ताव गरेका थिए। तर उनको प्रस्तावलाई गठबन्धनका अरु सदस्यहरूले तत्कालै अस्वीकार गरेका थिए। सोही साँझ देउवाले पूर्वप्रधानमन्त्री ओलीको सहयोगका लागि कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई ओलीसँग भेट्न पठाएका थिए। नेपाली कांग्रेसले २०७६ पुस ३ गते ओली सरकारकै पालामा आफ्नो संसदीय दलको बैठकबाट अनुदान सहायता सम्झौतालाई यथाशीघ्र संसदबाट उपारित गर्दै कार्यान्वयनमा लैजान ध्यानाकर्षण गराउने निर्णय गरेको थियो।

आर्थिक स्वार्थसँग गाँसिएर एमसीसी ऊर्जा क्षेत्रमा लगानी गर्ने उद्देश्यले आएको देखिन्छ। यसकारण पनि अमेरिकी सामरिक स्वार्थ स्पष्ट हुन्छ। भारत र चीनले दिने गरेका सहयोगहरू संसदबाट पारित गर्नु नपर्ने तर अमेरिकी सहयोग भने पारित गरिनुपर्ने सर्तले नेपाललाई झस्काएको छ। देउवाकै पालामा छिरेको एमसीसी अब उनकै पालामा संसदबाट पारित गराउने पहलकदमी सुरु भएको छ। फत्तेमा र जोनाथन यसकै लागि नेपाल आउने भएपछि एमसीसी सम्झौता पारित गराउन देउवा सक्रिय भएका हुन्। एमसीसीको विरोध गर्दै आएको माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टी कसरी प्रस्तुत हुने हुन् चीन, भारत र अमेरिकाकै लागि चासोको विषय बनेको छ। आर्थिक विषयसँग जोडिएको र ऊर्जामा लगानी केन्द्रित हुने एमसीसी परियोजना अघि बढाउन प्रम देउवाले खोजिरहँदा अर्थ र ऊर्जा मन्त्रालय माओवादी केन्द्रसँग रहेका छन्। यसले गठबन्धन भत्काउने सम्भावना पनि त्यत्तिकै छ।

## उपभोग्य...

नसकेको उपभोक्ता अधिकारीकर्मीहरूको भनाइ छ। खुद्रा व्यवसायी संघको तथ्यांकअनुसार पछिल्लो समय तेल, चिनी, अन्डा र दालको मूल्य आकासिएको छ। सातामा खाने तेलको मूल्य प्रतिलिटर न्यूनतम १५ रुपैयाँदेखि ३५ रुपैयाँसम्म वृद्धि भएको छ। एक वर्षअघि भुटेको तोरीको तेलको मूल्य प्रतिलिटर २ सय २० रुपैयाँ रहेकोमा अहिले ३ सय ३० रुपैयाँ रहेको छ। भटमास तेलको मूल्य १ सय १५ रुपैयाँबाट बढेर २ सय २० रुपैयाँ र सनफ्लावर तेल १ सय २५ बाट २ सय ३० रुपैयाँ पुगेको छ। एक वर्षको अवधिमा १ सय ५३ रुपैयाँदेखि २ सय ५६ रुपैयाँसम्म मूल्य बढेको छ। दालको मूल्य १ सय ३० बाट १ सय ६५, मुसुरो र रहर दालको मूल्य ४० र ६० रुपैयाँले बढेको छ।

## ५० अर्ब...

अघिल्लो आर्थिक वर्षको तुलनामा सवारी साधन तथा पार्टपुर्जाको आयात ४७ प्रतिशतले बढेको देखिएको छ।

अन्य मेसिनरी तथा पार्टपुर्जा आयातका हिसाबले तेस्रो स्थानमा परेको छ। गत आर्थिक वर्षमा कुल ८० अर्ब ७१ करोड रुपैयाँको मेसिनरी तथा पार्टपुर्जा आयात भएको थियो। अघिल्लो वर्षको तुलनामा यसको आयात २० प्रतिशत बढी हो। त्यस्तै डन्डी उत्पादनका लागि उद्योगले प्रयोग गर्ने एमएस बिलेट ५२ करोड रुपैयाँको आयात भएको थियो। यो अघिल्लो वर्षको तुलनामा ६९ प्रतिशत बढी हो।

उच्च आयात हुने वस्तुमा सोयाबिन तेल पाँचौं स्थानमा रहेको छ। गत आर्थिक वर्ष यसको आयातमा ५३ अर्ब ३६ करोड रुपैयाँ बाहिरिएको थियो। जुन त्योभन्दा अघिको तुलनामा १ सय ८४ प्रतिशत बढी हो। छैटौं स्थानको चामलपछि सातौं नम्बरमा औषधि परेको छ। गत आर्थिक वर्षमा ३९ अर्ब ५७ करोड रुपैयाँको औषधि भित्रिएको छ। जुन अघिल्लो वर्षको तुलनामा २९ प्रतिशत बढी हो। यो सँगै आठौं, नवौं र दशौं स्थानमा टेलिकम्युनिकेसन इक्वीपमेन्ट पार्टस्, गार्मेन्टस र सुन आयात रहेको भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकले देखाएको छ।

### निर्यात व्यापार बढ्यो

चालु आर्थिक वर्ष २०७८।०७९ को पहिलो महिना साउनमा नेपालबाट हुने निर्यात बढेको छ। भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार नेपालको अन्तर्राष्ट्रिय व्यापारमा उल्लेख्य वृद्धि भएको हो।

विभागको तथ्यांकअनुसार साउनमा अघिल्लो वर्षको यही अवधिको तुलनामा नेपाली वस्तुको निर्यात शतप्रतिशतभन्दा बढी वृद्धि भएको छ। अघिल्लो वर्षको साउनमा ९ अर्ब ६२ करोड रुपैयाँको निर्यात भएकोमा चालू आर्थिक वर्षको सोही अवधिमा २० अर्ब ७६ करोड रुपैयाँको वस्तु निर्यात भएको तथ्यांकमा उल्लेख छ।

भन्सार विभागको तथ्यांकअनुसार यस अवधिमा सबैभन्दा बढी भटमासको प्रशोधित तेल निर्यात भएको छ। भटमासपछि पाम र सूर्यमुखी तेलको निर्यात बढेको छ। यस अवधिमा आयात समेत ७५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यही अवधिमा ८५ अर्ब ८० करोडको आयात भएकोमा यो वर्ष बढेर १ खर्ब ५० अर्ब ७३ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ।

यो अवधिमा सबभन्दा बढी पेट्रोलियम पदार्थ आयात भएको छ। विभागका अनुसार १५ अर्ब १ करोडको डिजेल, पेट्रोल तथा खाना पकाउने ग्यासको आयात भएको छ। यसैगरी मोबाइलको आयात समेत उच्च छ। आयात हुने वस्तुमा फलाम, खाद्य सामग्री, ल्यापटप लगायतका वस्तु पनि अधिक रहेका छन्।

## फोहोरले...

मेयर विद्यासुन्दर शाक्यले हात उठाइ सकेका छन्। हालसम्म फोहोर विर्सजन गरिएको ठाउँ भरिएको र नयाँ ठाउँको निर्माणकार्य सम्पन्न हुन नसकेको भन्दै काठमाडौं महानगरपालिकाले हात उठाएको हो।

काठमाडौं उपत्यकाबाट निस्कने फोहोर दैनिक डेढ सयभन्दा बढी ट्रकले नुवाकोटको सिसडोल ल्यान्ड फिल्ड साइटमा लग्ने गरेको थियो। तर २ सातायता ती ट्रक गुडेका छैनन्। पानीले सडक हिलाम्मे भई ट्रक लान सक्ने अवस्था नरहेको कारण जनाएर महानगरपालिकाले फोहोर संकलन नै बन्द गरेको हो। जसका कारण उपत्यकाका टोल टोलमा फोहोरको थुप्रो देखिन थालेको छ। घरमा दुर्गन्ध फैलिएको भन्दै सडकमा थुपार्ने क्रम बढेको हो।

महानगरले भने अझै १५ दिन फोहोर संकलन नगर्ने बताएको छ। उसले सिसडोल ल्यान्डफिल साइट भरिसकेको र त्यसको विकल्पमा नुवाकोटको बञ्चरेडाँडामा ल्यान्डफिल साइट निर्माणको काम अन्तिममा पुगेको उसको भनाइ छ। फोहोर संकलनमा समस्या भएको अहिले मात्र होइन। महानगरले समय समयमा विभिन्न बहाना बाजी गर्दै आएको छ। उसँग फोहोर व्यवस्थापनको दीर्घकालीन नीति नै छैन। कतिपयले कुहिने र नकुहिने छुट्टाएर फोहोरलाई मोहरमा परिणत गरिरहेका छन। तर यतातर्फ महानगरको चासो नै छैन।

महानगरले दुई सातादेखि फोहोर संकलन नगर्दा टोल टोलमा दुर्गन्ध बढेको दुर्गन्धको असर जनस्वास्थ्यमा देखिन थालिसकेको छ। हैजा, झाडापखाला, दम, श्वासप्रश्वास र छालासम्बन्धी रोगको जोखिम बढेको चिकित्सकहरूको भनाइ छ। फोहोर व्यवस्थापन लागि बञ्चरेडाँडामा ल्यान्डफिल साइटको निर्माण गर्न थालेको तीन वर्ष भइसकेको छ। दुई वर्षमा सक्ने भनिएको थियो। तर ढिलासुस्तीमा कसैलाई जिम्मेवार बनाइएको छैन।

काठमाडौं महानगरपालिकाले जनताबाट बार्षिक १४ अर्ब रुपैंया कर संकलन गर्छ। त्यस बाहेक फोहोर विर्सजन बापत हरेक घरले मासिक ५ सय रुपैंया अतिरिक्त शुल्क बुझाउनु पर्छ। काठमाडौं महानगरपालिकामा करिव १ लाख घर छन्। यस हिसाबले फोहोर संकलन वापत मात्रै मासिक ५ करोड रुपैंया हुन्छ। यति नै हाराहारीमा उपत्याका भित्रका अरु नगरपालिकाबासीहरूले पनि फोहोर संकलन बापत घरधुरी शुल्क तिर्छन्। तर त्यो रकम कहाँ जान्छ ? भन्ने प्रश्न निकै पेचिलो बनेको छ।

काठमाडौं महानगरपालिकाको काम राजश्व संकलन र फोहोर व्यवस्था गर्ने नै मुख्य हो। अहिले महानगर त्यसमा पनि जिम्मेवारी देखिएको छैन। बिजुली, खानेपानी लगायतको काम संघीय सरकारले गरिदिन्छ। ४ मिटरभन्दा फराकिला सडकको निर्माण तथा मर्मतको काम पनि संघीय सरकारले गरिदिन्छ। ४ मिटरभन्दा कम फराकिला सडक निर्माण तथा मर्मतका लागि प्रदेश सरकारले पनि सहयोग गर्न थालेका छ।

आखिर जनताबाट उठेको त्यति ठूलो कर काठमाडौं महानगरपालिकाले कहाँ अर्च गर्ने गरेको छ ? कसरी खर्च गर्ने गरेको छ ? त्यसको अनुगमन भएको देखिँदैन। विद्यासुन्दर शाक्य काठमाडौंको मेयर बनेपछि एउटा गतिलो काम भएको थियो। त्यसअघि महानगरपालिकाका कर्मचारीहरूले ६ लाख रुपैंया राजश्व उठाएर ५ लाख रुपैंया आफ्नो हाल्थे। निर्वाचित जनप्रतिनिधिहरू आएपछि कम्पुटराइज्ड सिष्टम लागु भयो।

महानगरभित्रको अनियमितताका कारण अपेक्षित विकास त परै जाओस फोहोर संकलन समेत हुन सकेको छैन। यसको मुख्य कारक हिँजोसम्म कर्मचारीहरू मात्रै थिए, आज जनप्रितिनिधिहरू पनि थपिएका छन्। महानगरका कर्मचारीको कहिल्यै सरुवा नहुने भएकाले दण्डहीनताका कारण भ्रष्टाचार मौलाएको बताइन्छ।

## नेपाल एयरलाइन्स...

सरकारी संस्थानहरूमा नियुक्त हुने अध्यक्ष तथा महाप्रबन्धकहरू पैसाको थैलो बुझाएर मात्र नेपाल एयरलाइन्ससहरूमा जाने हुँदा उनीहरूको उद्देश्य कसरी हुन्छ पैसा असुल्ने मात्र हुन्छ। त्यसैले गर्दा जतिसुकै आयोग बनेर सुझाव दिए पनि सरकारी संस्थानहरूमा हुने भ्रष्टाचार घट्ने होइन बढ्ने मात्र भइरहेको छ।

बहुदलीय व्यवस्था आएपछि सरकारी संस्थानहरूमा आफूखुसी सुविधा तथा भत्ता बढाउन सकिने नीति पास गरेपछि सबै संस्थानले आफ्नो तलब भत्तालगायत सुविधा अत्यधिक बढाए। तर संस्थान तथा कारखानाहरू सबै डुबाए। यसको उदाहरण जनकपुर चुरोट कारखाना पनि हो। जहाँ हजारौं मजदुरले रोजगारी पाएका थिए। आयल निगम जहिले पनि घाटामा छ भन्छ तर जहिले पनि बोनस बाँडिरहेको हुन्छ। खाद्य संस्थान जहिले पनि घाटामा गएर पनि कर्मचारीलाई भत्ता तथा सुविधाहरू वितरण गरिरहेको हुन्छ।

बहुदलीय व्यवस्था आएपछि संस्थानहरूमा राजनीतिक नियुक्ति दिन थालेपछि कार्यकर्तालाई जागिर दिने र पैसा कमाउने थलो बने संघ संस्थानहरू। जसको कुनै क्षमता कार्यकुशलता छैन। उनै व्यक्तिलाई पार्टीका नेताको नजिक भएको आधारमा नियुक्ति दिन थालियो। पहिला बाँसबारी छाला जुत्ता कारखानामा उत्पादित बुटहरू सेनाले उपयोग गर्थ्यो जसले गर्दा बजारको कमि हुँदैनथ्यो। अहिले विदेशबाट करोडौं खर्च गरेर ल्याउनु परेको छ।

२०४६ सालमा खाद्य संस्थानको चामल सेनाको रासनमा आउँथ्यो। यसले गर्दा खाद्य संस्थानलाई फाइदा हुने गर्दथ्यो। हेटौंडा कपडा उद्योगबाट उत्पादित कपडा सेनाको युनिफर्ममा प्रयोग गर्ने गरी सेनाले स्वयं जिम्मा लिएर बनाउने कुरा थियो। अहिले यो बिषय हराएको छ। पंचायती व्यवस्थामा वीरगन्ज चिनी कारखानालगायत अन्य संस्थानहरूमा पनि नेपाल सरकारका क्षमतावान कर्मचारी पठाइन्थ्यो। जसले गर्दा उक्त कारखाना तथा संस्थानहरू नाफामा हुन्थे। किसानले समयमा उखुको भुक्तानी पाइरहेका थिए। अहिले व्यापारीसँग नेताहरू मिलेर यस्ता उद्योगहरू बिक्री गरेर कमिसन लिन थालेपछि कम्पनि घाटामा गएको छ। किसानले समयमा भुक्तानी पाउन छोडेका छन्। सरकारले यसतर्फ कहिल्यै ध्यान पुर्‍याएर सुधार्न चाहेन। यदि सरकारी कर्मचारी तथा विद्यार्थीको युनिफर्महरू नेपालमा उत्पादित कपडा उद्योगबाट खरिद गरेर उपयोग गर्ने नीति ल्याइयो भने नेपाली उद्योगहरूले प्रोत्साहन पाउँछन् तर यसतर्फ सरकारको नीति कहिल्यै बनेन।

नेपाल एयरलाइन्ससलाई कम्पनि मोडलमा लैजानुपर्छ भन्ने मुद्दा धेरै अघिदेखिको हो। फेरि यो बिषय अघि बढेको छ। सरकारले राजनीतिक नियुक्ति गरेसम्म व्यवस्थापकीय सुधार गर्न सक्तैन किनकि त्यहाँ क्षमतावान व्यक्ति पठाइँदैन। नेताका आफ्ना चाकडिबाज पठाइन्छ। यस सरकारी एयरलाइन्ससलाई पब्लिक लिमिटेड कम्पनि बनाएर जनतालाई पनि शेयर वितरण गर्ने हो भने जनताको प्रत्यक्ष निगरानी बढ्ने थियो। त्यसपछि क्षमतावान व्यवस्थापक नियुक्त गर्न सकिन्छ।

नेपाल एयरलाइन्सको सम्पति प्रसस्त छ। यसमा आँखा लगाउने धेरै व्यापारीहरू छन्। कतिपयले यसलाई धरासायि बनाउन पाए निजी एयरलाइन्सलाई फाइदा पुग्ने थियो भन्ने सोच पनि बनाएका हुन सक्छन्। कम्पनि बनाएपछि कर्मचारीको दादागिरि नचल्ने हुनाले अहिले कर्मचारीबाट बिरोध भइरहेको छ। तर सरकारले बलियो अडान लिएर यसलाई पब्लिक लिमिटेड बनाउन पहल गर्नुपर्छ। सरकारी आधा हिस्सा रहे अहिलेजस्तै सरकारमा बसेकाले यसको शोषण गर्न पाउने छैनन्। कर्मचारीले पनि अहिले जस्तो काम नगरी खालि परिवारको सुविधा सहुलियत लिन मात्र यसको दुरुपयोग गर्न पाउने छैनन्। संगै शुरु भएका विदेशका एयरलाइन्स थाइ एयरका जहाज आज ६० ओटा ठूला जहाज १०० भन्दा बढी गन्तब्यमा उडिरहेका छन्। नेपाल एयरलाइन्सभन्दा पछि शुरु भएका कतार एयर लाइन्सका ठूला जहाज नै लगभग १०० वटा छन्। यो संसारकै नमुना एयर लाइन्स भइसकेको छ।

हामी मात्र एउटा भएको सरकारी एयर लाइन्सको ठूला जहाज ४।५वटामा सीमित भएका छौं। ती पनि पूरा क्षमताअनुसार उड्न सकेका छैनन्। प्राय:जसो समयमा मर्मत नभएर ग्राउण्डेड हुने गरेका छन्। हामीसँग भएका अनुभवी पाइलट नेपालमा काम नभएर विदेशतर्फ लागेका छन्। हामी भने विदेशबाट महँगा पाइलट झिकएर काम चलाइरहेका छौं। यसका नीति निर्माता भएर बसेका नेता र कर्मचारी शासक भएर लुट्ने काम मात्र भएकाले यस्ता कार्यलाई सदाका लागि बन्द गर्नैपर्छ।

सबभन्दा प्रमुख बिषय सरकारी संस्थानमा राजनीतिक नियुक्ति बन्द गरेर प्रतिस्पर्धाद्वारा क्षमतावान व्यक्ति राखेर संस्थानहरू चलाएको खण्डमा अहिलेजस्तो दुरावस्था हुने थिएन। तर बहुदलीय व्यवस्थामा आएका नेता र कर्मचारी पाएसम्म सरकारी सम्पतिलाई लुट्ने काममात्र भएको छ। यसलाई रोक्न पनि सरकार र जनताको शेयर रहने गरी पब्लिक लिमिटेड कम्पनि बनाएर नेपाल एयरलाइन्सलाई चलाउन सके हाम्रा जहाज फेरि पनि एसियाका ठूला शहर, युरोप, अष्ट्रेलिया लगायतका देशहरूमा उड्न सक्नेछन्।